नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४६०

मितिः २०८३/०२/१८
नेपाल संवत् ११४६

विषयः रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३ कार्यान्वयन सम्बन्धमा।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

युवा, श्रम तथा रोजगार मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. १४४, मिति २०८३/०२/१२ रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३ कार्यान्वयन सम्बन्धी पत्र र सोसाथ प्राप्त कार्यविधि तथा अध्ययन प्रतिवेदन आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

....................
(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः पत्र इमेल गरिदिनुहुन र वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रमाणीकृत विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ६।०८३
दर्ता मिति: २०८३।२।११

# रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३

**मन्त्रालयबाट स्वीकृत मिति:२०८३/०२/०६**

प्रस्तावना: रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी सेवा एकीकृत रुपमा स्थानीय तहबाट प्रवाह गर्न नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०८२ चैत्र १३ को निर्णय बमोजिम विद्यमान रोजगार सेवा केन्द्रलाई ***"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"*** का रूपमा रूपान्तरण गरी सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि बनाउन वाञ्छनीय भएकोले रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम **"रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"उद्यमी"** भन्नाले प्रचलित कानून बमोजिम उद्यम सञ्चालन गर्ने व्यक्ति वा समूह सम्झनुपर्छ।

(ख) **"उद्यमशीलता"** भन्नाले व्यक्तिगत वा सामूहिक रूपमा नाफा आर्जन गर्ने उद्देश्यले नयाँ ज्ञान, सीप, र सृजनशीलताको प्रयोग गरी वस्तु तथा सेवाको उत्पादन वा वितरण गर्ने आर्थिक क्रियाकलाप सम्झनुपर्छ।

(ग) **"एकीकृत सेवा"** भन्नाले रोजगार, सीप तथा उद्यमशीलता केन्द्रबाट प्रवाह हुने रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता प्रवर्धन लगायत श्रम तथा रोजगार सम्बन्धी सम्पूर्ण सेवाहरुलाई सम्झनुपर्छ।

(घ) **"ऐन"** भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ङ) **"कार्यक्रम"** भन्नाले रोजगार, सीप तथा उद्यमशीलता केन्द्रबाट सञ्चालन हुने संघ, प्रदेश र स्थानीय तहका रोजगारी सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्धन सम्बन्धी कार्यक्रम/ आयोजना/परियोजना सम्झनुपर्छ।

(च) **"केन्द्र"** भन्नाले ऐनको दफा १०(१) र यो कार्यविधिको दफा ४२ बमोजिम स्थानीय तहमा रहने रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई सम्झनुपर्छ।

(छ) **"डिजिटल सूचना प्रणाली"** भन्नाले श्रम, रोजगार, सीप तथा उद्यमशीलतासँग सम्बन्धित अन्तर आवद्धता भएको विद्युतीय सूचना प्रणालीलाई सम्झनुपर्छ।

(ज) **"नवप्रवर्तन"** भन्नाले नयाँ ज्ञान, सीप, प्रविधि, वस्तु, सेवा वा प्रक्रियाको सिर्जना, सुधार वा प्रयोगबाट मूल्य अभिवृद्धि गर्ने कार्य सम्झनुपर्छ।

(झ) **"नियमावली"** भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ सम्झनुपर्छ।

(ञ) **"प्रदेश समन्वय समिति"** भन्नाले दफा-३८ बमोजिम गठित समिति सम्झनुपर्छ।

(ट) **"प्रविधि हस्तान्तरण"** भन्नाले व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नतिका लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य सम्झनुपर्छ र सो शब्दले त्यस्तो मेसिन उपकरण खरिद गर्नको लागि लागत साझेदारीमा सहयोग गर्ने वा त्यस्तो उपकरण वा मेसिन सञ्चालन गर्न आवश्यक पर्ने विशेष प्रकारको सीप सिकाउने कार्यलाई सम्झनुपर्छ।

(ठ) **"पुनःएकीकरण कार्यक्रम"** भन्नाले वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई वैदेशिक रोजगारीबाट प्राप्त गरेको अनुभव, सीप, पूँजी र प्रविधिलाई श्रम बजारको माग अनुसार स्तरीकरण र प्रवर्धन गरी रोजगार, स्वरोजगार, सीप तथा उद्यमशीलता विकास गर्न सञ्चालित कार्यक्रम सम्झनुपर्छ।

(ड) **"मन्त्रालय"** भन्नाले युवा, श्रम तथा रोजगार मन्त्रालय सम्झनुपर्छ।

(ढ) **"राष्ट्रिय समन्वय समिति"** भन्नाले दफा-३६ बमोजिम गठित समिति सम्झनुपर्छ।

(ण) **"रोजगारदाता"** भन्नाले सरकारी, गैरसरकारी, निजी क्षेत्र, सहकारी तथा विकास साझेदार लगायत रोजगारी सिर्जना गर्ने निकायलाई सम्झनुपर्छ।

(त) **"रोजगारीको खोजीमा रहेका व्यक्तिको अभिलेख"** भन्नाले स्थानीय तहमा अभिलेखिकरण भएको रोजगारीको खोजीमा रहेका व्यक्तिको अभिलेख सम्झनुपर्छ।

(थ) **"वेरोजगार व्यक्ति"** भन्नाले यस कार्यविधि बमोजिम स्थानीय तहमा अभिलेखिकृत व्यक्ति सम्झनुपर्छ।

(द) **"वेरोजगार सहायता"** भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध हुने सेवा सुविधा सम्झनुपर्छ।

(ध) **"स्थानीय कार्यान्वयन समिति"** भन्नाले दफा-४० बमोजिम गठित समिति सम्झनुपर्छ।

(न) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।



सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - २

## कार्यक्षेत्र, कार्यक्रम र लक्षित वर्ग

३. कार्यक्षेत्र: कार्यक्रमको कार्यक्षेत्र सङ्घ, प्रदेश तथा स्थानीय तह हुनेछ ।

४. कार्यक्रम: तीनै तहको सरकारबाट स्थानीय तहको रोजगार, सीप तथा उद्यमशीलता केन्द्र मार्फत रोजगारी सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्धन सम्बन्धी कार्यक्रम, परियोजना र आयोजनाको रुपमा सञ्चालन गर्नुपर्नेछ।

५. लक्षित वर्ग: कार्यक्रमको लक्षित वर्ग देहाय बमोजिम हुनेछ:-

(क) वेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेको व्यक्ति,

(ख) सीप सिक्न ईच्छुक व्यक्ति,

(ग) वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति,

(घ) स्वरोजगार सिर्जना गर्न र उद्यम गर्न इच्छुक व्यक्ति,

(ङ) राज्यले विशेष सहुलियत उपलब्ध गराउन सूचीकृत गरेको व्यक्ति वा समुदाय।



सचिव

परिच्छेद- ३

## रोजगार सेवा

६. <u>सरोकारवालाको नक्साङ्कन:</u> (१) केन्द्रले सीप विकास तथा उद्यमशीलतासँग सम्बन्धित रोजगारदाता, लक्षित वर्ग, तालिम प्रदायक संस्था लगायतका सरोकारवालाको पहिचान गरी सूची तयार गर्नुपर्नेछ।

(२) केन्द्रले रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी क्रियाकलापमा संलग्नता तथा योगदानको आधारमा उपदफा (१) बमोजिमको सरोकारवालासँगको सम्भावित सहकार्य तथा साझेदारीका क्षेत्र पहिचान गर्नुपर्नेछ।

(३) केन्द्रले सरोकारवालाको नक्साङ्कनको एकीकृत डाटाबेस तयार गरी प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म अद्यावधिक विवरण स्थानीय तहको वेवसाइट मार्फत सार्वजनिक गरी उक्त विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

७. <u>श्रम बजार विश्लेषण:</u> (१) केन्द्रले सर्वेक्षण, तथ्याङ्क संकलन तथा सरोकारवालासँग परामर्शको आधारमा स्थानीय तहभित्र रहेका दफा (५) बमोजिमको लक्षित वर्गको तथ्याङ्क संकलन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको तथ्याङ्कको आधारमा श्रम बजारमा माग र आपूर्तिको अवस्था, सीपयुक्त जनशक्तिको आवश्यकता, उच्च सम्भावना भएका क्षेत्र, लक्षित समूह तथा रोजगारीको अवस्थाको विश्लेषण गर्नुपर्नेछ।

(३) स्थानीय तहले स्थानीय श्रम बजार विश्लेषणको आधारमा आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

८. <u>लक्षित वर्गको तथ्याङ्क संकलन तथा दर्ता:</u> (१) केन्द्रले दफा ५ बमोजिमको लक्षित वर्गको व्यक्तिगत, शैक्षिक, सीप, अनुभव तथा रुची लगायतका विवरण सहितको प्रोफाइल तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रोफाइल तयार गर्दा राज्यले विशेष सहुलियत उपलब्ध गराउन सूचीकृत गरेको व्यक्ति वा समुदायको छुट्टै प्रोफाइल तयार गर्नुपर्नेछ।

(३) श्रम संसार सूचना प्रणाली लगायत डिजिटल प्रणाली मार्फत् उपदफा (१) बमोजिमको विवरण लक्षित वर्ग स्वयंले समेत दर्ता गर्न सक्नेछ।

(४) केन्द्रले दर्ता भएका लक्षित वर्गको विवरण नियमित रुपमा प्रमाणित गरी अद्यावधिक गर्नुपर्नेछ।

युवा, श्रम तथा रोजगार मन्त्रालय नेपाल सरकार
सिंहदरबार, काठमाडौं

९. **परामर्श सेवा :** (१) केन्द्रले स्थानीय तहमा दर्ता भएका लक्षित वर्गलाई उनीहरूको योग्यता, सीप तथा रुची अनुसार उपयुक्त रोजगारी, सीप विकास वा उद्यमशीलता सम्बन्धी देहाय बमोजिमका विषयमा परामर्श सेवा प्रदान गर्नुपर्नेछ।

(क) रोजगारीमा आवेदनका लागि लक्षित वर्गको वैयक्तिक विवरण तयारी, अन्तर्वार्ता तथा छनोट प्रक्रियामा सहजीकरण र रोजगारदाता—लक्षित वर्ग बीच समन्वय,

(ख) सीप विकास तालिमका क्षेत्र, अवसर, उपलब्धता र तालिम प्रदायकसँगको सहजीकरण,

(ग) स्वरोजगारीका अवसर, उद्यमशिलता विकास, व्यावसायिक योजना निर्माण, वस्तु तथा सेवाको उत्पादन तथा बजारीकरणमा सहजीकरण,

(घ) वैदेशिक रोजगारीमा संलग्न हुन चाहने व्यक्तिलाई आप्रवासन सम्बन्धी सेवा,

(ङ) विभिन्न निकायबाट उपलव्ध हुने रोजगारमूलक तथा उद्यमशीलतासँग सम्बन्धी सहुलियतपूर्ण कर्जा र सुविधाबारे जानकारी तथा वित्तीय परामर्श।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको परामर्श सेवाको अभिलेखीकरण गरी सोको आधारमा लक्षित वर्गलाई जव म्याचिङ्ग, तालिम वा उद्यमशीलता कार्यक्रममा सिफारिस तथा आवद्ध गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा आवश्यकता अनुसार व्यक्तिगत तथा समूहगत रुपमा प्रदान गर्न सक्नेछ।

१०. **जव म्याचिङ्ग सेवा :** (१) केन्द्रले रोजगारदाताबाट प्राप्त रिक्त पदहरूको विवरणको आधारमा दर्ता भएका लक्षित वर्ग मध्ये उपयुक्त उम्मेदवारलाई रोजगारीका लागि रोजगारदाता समक्ष सिफारिस तथा रिफर गर्नुपर्नेछ।

(२) श्रम संसार प्रणाली लगायत डिजिटल प्रणालीको प्रयोग मार्फत रोजगारीको खोजीमा रहेका लक्षित वर्गलाई रोजगारदातासँग समन्वय गरी उपदफा (१) बमोजिमको सेवा प्रदान गर्नुपर्नेछ।

११. **रोजगार मेला:** (१) उपलव्ध रोजगारीको आधारमा तीनै तहका सरकारले रोजगार मेलाको सञ्चालन गर्न सक्नेछन्।



सचिव

(२) रोजगार मेला सञ्चालन गर्दा रोजगारदाता संघ, संस्था लगायत सरोकारवालालाई सहभागी गराउनुपर्नेछ,

(३) रोजगार मेला सञ्चालन गर्दा स्थानीय सञ्चार माध्यम मार्फत सूचना प्रवाह गर्नुपर्नेछ,

(४) प्रदेश तथा स्थानीय तहले रोजगार मेला सञ्चालन गर्दा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्न सक्नेछन्।

१२. <u>सिफारिस तथा रेफरल सेवा:</u> (१) केन्द्रले दर्ता भएका लक्षित वर्गको सीप, योग्यता, अनुभव, रुचि तथा आवश्यकता विश्लेषण गरी उपयुक्त सेवा प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस तथा रिफर गर्नुपर्नेछ।

(२) केन्द्रले रेफरल सेवा प्रदान गर्दा सम्बन्धित निकायसँग समन्वय गरी सेवा सम्बन्धी सूचना उपलब्ध गराउनुपर्नेछ।

१३. <u>रोजगार कार्यक्रम सञ्चालन:</u> (१) संघ, प्रदेश र स्थानीय तहले बेरोजगार सहायताका लागि ऐनको दफा २० बमोजिमको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) तीन तहको सरकारले कार्यान्वयन गर्ने सार्वजनिक क्षेत्रका विकास निर्माणका कार्यक्रम तथा आयोजना मार्फत सिर्जना हुने रोजगारीको अवसरमा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिनु पर्नेछ।

(३) केन्द्रले भौतिक पूर्वाधार विकास निर्माण तथा मर्मत सम्बन्धी आयोजनामा सूचीकृत वेरोजगारलाई निजको सामाजिक र आर्थिक अवस्थाको आधारमा प्राथमिकता दिई परिचालन गर्न सहजीकरण गर्नुपर्नेछ।

१४. <u>निजी क्षेत्रका रोजगारदातासँग सम्पर्क, संवाद तथा सहकार्य:</u> (१) केन्द्रले निजी क्षेत्रका रोजगारदातासँग रोजगार अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार नियमित सम्पर्क, संवाद तथा सहकार्य गर्नुपर्नेछ।

(२) रोजगार सेवा प्रवाह व्यवस्थापनको सबै चरणमा निजी क्षेत्रसँगको साझेदारी अबलम्बन गर्नेछ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद ४

## सीप विकास सम्बन्धी सेवा

१५. सीप विकास योजना : (१) केन्द्रले स्थानीय श्रम बजारको माग र आपूर्तिको अवस्थाको आधारमा सीप विकासको आवश्यकताको पहिचान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएको आवश्कताका आधारमा लक्षित समूहका लागि आधारभूत र स्तरोन्नति तालिमको वर्गीकरण र प्राथमिकीकरण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको सीपयुक्त जनशक्तिलाई केन्द्रले स्थानीय स्तरमा रोजगारी, स्वरोजगारी र उद्यमशीलतामा आवद्ध गर्नका लागि उत्पादन तथा उद्यमशीलता प्रवर्धन हुने कृषि, निर्माण, पर्यटन, उद्योग लगायतका क्षेत्रमा हुने सम्भावित रोजगार तथा उद्यम अवसरको पहिचान गर्नुपर्नेछ।

(४) केन्द्रले उपदफा (१) र (२) बमोजिम प्राथमिकता निर्धारण गरी मागमा आधारित क्षेत्रगत रुपमा समावेशी, बजारमुखी तथा रोजगारमूलक सीप विकासको योजना तयार गर्नुपर्नेछ।

१६. नाम दर्ता तथा वृत्ति परामर्श सेवा: (१) केन्द्रले दफा (८) बमोजिम तयार गरेको प्रोफाइलको आधारमा सीप विकास तालिम आवश्यक पर्ने व्यक्तिको विवरण तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा समावेश नभएका व्यक्ति तालिम प्रयोजनका लागि दर्ता हुन आएमा त्यस्ता व्यक्तिहरुको विवरण समेत समावेश गरी एकीकृत सूची तयार गर्नुपर्नेछ।

(३) केन्द्रले तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरूको अभिरुची, योग्यता, पूर्व सिकाइ तथा सम्भावनाको आधारमा तालिमको विषय तथा वृत्ति परामर्श प्रदान गर्नुपर्नेछ।

(४) राज्यले विशेष सहुलियत उपलब्ध गराउन सूचीकृत गरेको व्यक्ति वा समुदाय पहिचान गरी प्राथमिकताका आधारमा तालिमको लागि सिफारिस तथा वृत्ति परामर्श सेवा प्रदान गर्नुपर्नेछ।



सचिव

१७. तालिम कार्यक्रम छनोटः (१) केन्द्रले राष्ट्रिय सीप परीक्षण समितिको स्वीकृत मापदण्ड तथा स्वीकृत पाठ्यक्रमका आधारमा तालिम कार्यक्रम छनोट गर्नुपर्नेछ।

(२) केन्द्रले दफा (४०) बमोजिमको समितिको निर्णय अनुसार तालिम प्रदायक संस्था, तालिमको विषय र स्थान निर्धारण तथा सिफारिस गर्न सक्नेछ।

(३) केन्द्रले कार्यस्थलमा आधारित सिकाइ सम्बन्धी आवश्यक समन्वय र सहजीकरण गर्नुपर्नेछ।

१८. सहभागीको छनोटः (१) केन्द्रले तोकिएको मापदण्डको आधारमा दर्ता भएका लक्षित वर्गमध्येबाट योग्यता, रुचि, आवश्यकता तथा सीपको अवस्थाका आधारमा सीप विकास कार्यक्रमका लागि सहभागी छनोट गर्नुपर्नेछ।

(२) सहभागी छनोट गर्दा राज्यले विशेष सहुलियत उपलब्ध गराउन सूचीकृत गरेको व्यक्ति वा समुदायलाई प्राथमिकता दिनुपर्नेछ।

(३) छनोट प्रक्रिया पारदर्शी बनाउन सार्वजनिक सूचना प्रकाशन, नतिजा सार्वजनिक गर्ने, गुनासो व्यवस्थापन तथा अभिलेखीकरणको व्यवस्था गर्नुपर्नेछ।

१९. सीप विकास तालिम सञ्चालन तथा व्यवस्थापनः (१) केन्द्रले सम्बन्धित निकाय वा तालिम प्रदायक संस्थासँग समन्वय गरी लक्षित वर्गको रूचि अनुसारको विषयमा स्थानीय उद्योग तथा प्रतिष्ठानबाट माग भए अनुसार छोटो तथा लामो अवधिको सीप विकास तालिम सञ्चालन गर्न सक्नेछ।

(२) केन्द्रले दफा (४०) बमोजिमको समितिको निर्णय अनुसार तालिम प्रदायक संस्था छनोट, सम्झौता तथा सिफारिस, प्रशिक्षक छनोट लगायतका कार्य गर्नुपर्नेछ।

(३) प्रयोगात्मक विधि तथा व्यवहारिक सिकाईका लागि सम्बन्धित उद्योग तथा प्रतिष्ठानमा नै प्रत्यक्ष कामका संलग्न गराउने विधि (एप्रेन्टिसशिप) मार्फत तालिम सञ्चालन गर्न सक्नेछ ।

(४) पाठ्यक्रम उपलब्ध नभएको अवस्थामा तालिम प्रदायक संस्था तथा रोजगारदाताले रोजगारमूलक सीप विकास तालिमका लागि पाठ्यक्रम तयार गर्न प्राविधिक तथा व्यावसायिक तालिम परिषद् वा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलाई अनुरोध गर्न सक्नेछ।



सचिव

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (४) बमोजिमको पाठ्यक्रम विकास तथा स्वीकृतिका लागि प्राविधिक तथा व्यावसायिक तालिम परिषद् तथा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सहजीकरण गर्नुपर्नेछ।

(६) केन्द्रले दफा १८ को उपदफा (१) बमोजिमको सहभागीको उपस्थिति, हाजिरी, सिकाइ उपलब्धी, प्रशिक्षार्थीको फलोअप, ट्र्याकिङ तथा सूचना प्रणाली अद्यावधिक गर्नुपर्नेछ।

(७) केन्द्रले तालिम समापन पश्चातको सीप परीक्षणका लागि सम्बन्धित निकायमा समन्वय गर्नुपर्नेछ।

२०. **निजी क्षेत्रसँगको सहकार्यमा तालिम सञ्चालनः** (१) रोजगार, स्वरोजगार तथा उद्यमशीलताको सम्भावना बमोजिम केन्द्रले रोजगारदाताको प्रत्यक्ष संलग्नतामा सीप तथा दक्षता अभिवृद्धिको क्रियाकलाप सञ्चालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको तालिम सञ्चालन गर्न अन्य निकायबाट सञ्चालनमा आएका तालिमका क्रियाकलापमा केन्द्रले लागत साझेदारी गर्न सक्नेछ।

(३) तालिम पश्चात प्रत्यक्ष रोजगारी वा स्वरोजगारीमा आवद्ध हुने सम्भावना देखिएमा केन्द्रले सम्बन्धित रोजगारदातासँग एप्रेन्टिससिप मोडेलको तालिम सञ्चालनको लागि समझदारी गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२१. **तालिमको गुणस्तर सुनिश्चितिता तथा अनुगमनः** (१) दफा ४३ र ४४ बमोजिमको समितिले तालिमको अनुगमन गर्नुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित समिति बाहेकका अन्य अधिकार प्राप्त निकायले तालिम गुणस्तर मापदण्डको पालना भए नभएको परीक्षण गर्न सक्नेछ।

(३) तालिम प्रदायक संस्था तथा केन्द्रले प्रशिक्षार्थी सन्तुष्टि सर्वेक्षण तथा सुझाव संकलन गरी पृष्ठपोषण लिन सक्नेछ।

२२. **सीप मेलाः** (१) स्थानीय तहले श्रम बजारको माग तथा क्षेत्रगत आवश्यकताको पहिचान गरी सीप मेला तथा दफा ११ बमोजिमको रोजगार मेला संयुक्त रुपमा आयोजना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मेलामा कार्यस्थलमा आधारित तालिमका अवसरहरू पहिचान गरी केन्द्रले निजी क्षेत्रसँगको सहकार्यमा तालिम सञ्चालन तथा रोजगारीको प्रबन्ध गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको मेलामा उद्यमशीलता प्रवर्धन सम्बन्धी व्यावसायिक अवसरहरूको पहिचान, उद्यम परामर्श, वित्तीय पहुँच तथा बजारसँग आवद्धता सम्बन्धी परामर्श सेवा प्रदान गर्न सक्नेछ।



सचिव

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

२३. **सीप परीक्षण, प्रमाणीकरण तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था:** (१) तोकिएको पाठ्यक्रम अनुसार सफलतापूर्वक तालिम सम्पन्न गर्ने सहभागीलाई सम्बन्धित तालिम प्रदायक संस्थाले सहभागिता एवं तालिम सम्पन्न प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

(२) राष्ट्रिय सीप परीक्षण समितिले तालिम प्राप्त व्यक्तिहरुको सीप परीक्षण तथा प्रमाणीकरण गर्न सक्नेछ।

(३) सीप परीक्षणमा उत्तीर्ण भएका सहभागीलाई राष्ट्रिय सीप परीक्षण समितिबाट सम्बन्धित पेशा र तहको प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

(४) प्रदान गरिएका प्रमाणपत्र र प्रमाणीकरणको अभिलेख केन्द्र वा व्यक्ति स्वयंले दफा ८ बमोजिमको प्रोफाइलमा अद्यावधिक गर्नुपर्नेछ।

२४. **तालिम पश्चात सहयोग:** (१) तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई रोजगारीमा आवद्ध गर्न केन्द्रले रोजगारदातासँग समन्वय गरी प्लेसमेन्टका लागि सहजीकरण गर्न सक्नेछ ।

(२) केन्द्रले स्वरोजगार वा उद्यमशीलतामा रुचि भएका लक्षित वर्गलाई व्यवसाय योजना तयारी, वित्तीय संस्थासँग समन्वय गरी कर्जा तथा अनुदानमा पहुँच, बजारीकरणमा सहयोग र प्राविधिक परामर्श सेवा प्रदान गर्नुपर्नेछ।

२५. **प्रभाव मूल्याङ्कन:** (१) केन्द्रले तालिमपश्चात् लक्षित वर्गको रोजगार अवस्था, आयस्तर तथा सीपको उपयोगको नियमित फलोअप र ट्र्याकिङ्ग गर्नुपर्नेछ।

(२) संघ, प्रदेश तथा स्थानीय तहले रोजगारी, आय वृद्धि, उद्यम स्थापना लगायतको प्रभाव मूल्याङ्कन गर्नसक्नेछ।



सचिव

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद ५

## उद्यमशीलता प्रवर्धन सम्बन्धी सेवा प्रवाह

२६. **सम्भावित उद्यमीको पहिचान, सूचीकरण तथा नक्साङ्कनः** (१) केन्द्रले उद्यम गर्न इच्छुक व्यक्ति, वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति, परम्परागत सीप तथा व्यवसाय भएका व्यक्ति तथा राज्यले विशेष सहुलियत उपलब्ध गराउन सूचीकृत गरेको व्यक्ति वा समुदायका सम्भावित उद्यमी पहिचान गरी प्रोफाइल तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रोफाइलको आधारमा केन्द्रले स्थानीय स्रोत र साधन, बजार माग र आपूर्ति, आयात प्रतिस्थापनको सम्भाव्यता, मूल्य शृङ्खला, प्रतिस्पर्धात्मक क्षमता तथा नयाँ व्यावसायिक क्षेत्रको पहिचान गरी उद्यमीको सूचीकरण तथा नक्साङ्कन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम संकलित तथ्याङ्क तथा विवरण एकीकृत सूचना प्रणालीमा प्रविष्ट गरी अद्यावधिक राखिनेछ।

२७. **सम्भावित उद्यमी छनोट तथा मूल्याङ्कन प्रक्रिया** : (१) केन्द्रले दफा २६ बमोजिम सूचीकृत भएका उद्यमी मध्ये उद्यम गर्न उपयुक्त देखिएका सम्भावित उद्यमीको प्रारम्भिक छनोट कार्यमा सहजीकरण गर्नुपर्नेछ।

(२) छनोट गर्दा व्यावसायिक क्षमता, स्थानीय सम्भावना, प्राविधिक योग्यता, सामाजिक समावेशिता, जोखिम स्तर र व्यवसायको सान्दर्भिकताको मूल्याङ्कन गर्नुपर्नेछ।

(३) छनोट भएका व्यक्तिलाई मात्र क्रमशः दफा २८ देखिका सेवामा प्रवेश गराउनु पर्नेछ।

२८. **उद्यमशीलता अभिमुखीकरण तथा उत्प्रेरणा** : (१) केन्द्रले छनोट भएका सम्भावित उद्यमीलाई स्वरोजगार, उद्यमशीलता, व्यवसायिक सोच र बजार अवसर सम्बन्धी आवश्यक अभिमुखीकरण तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) अभिमुखीकरणपछि सहभागीको रुचि र सम्भावित उद्यम क्षेत्रका आधारमा व्यावसायिक योजनाको प्रस्ताव विकास गर्नुपर्नेछ।



सचिव

२९. <u>व्यावसायिक योजना विकास तथा छनोट</u> : (१) केन्द्रले स्थानीय कच्चा पदार्थ, बजारको माग, उद्यमीको क्षमता, लगानी सम्भावना र जोखिम विश्लेषणका आधारमा उपयुक्त व्यावसायिक प्रस्ताव तथा योजना छनोट तथा विकास गर्न सम्भावित उद्यमीहरुलाई प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउनु पर्नेछ।

(२) व्यावसायिक प्रस्ताव योजनाको छनोट गर्दा कम्तीमा व्यावसायिक सम्भाव्यता, स्थानीय साधन श्रोतको उपलब्धता, बजारको माग र प्रतिस्पर्धा तथा दिगोपनलाई आधार लिनुपर्नेछ।

(३) आवश्यक देखिएमा व्यावसायिक प्रस्ताव योजनालाई पुनरावलोकन वा परिमार्जन गर्न सम्बन्धित उद्यमीलाई पठाउन सक्नेछ।

३०. <u>उद्यमशीलता विकास तालिम सञ्चालन</u> : केन्द्रले छनोट भएका नयाँ उद्यमीका लागि उद्यमशीलता विकास तालिम र पुराना उद्यमीका लागि क्षमता विकास तालिम सञ्चालन गर्न सहजीकरण गर्नुपर्नेछ।

३१. <u>व्यवसाय योजना निर्माण:</u> केन्द्रले छनोट भएका व्यावसायिक योजना सोचलाई कार्यरूप दिन आवश्यक पर्ने प्राविधिक, वित्तीय, बजार र जोखिम विश्लेषण सहित विस्तृत व्यवसाय योजना निर्माणमा उद्यमीलाई सहजीकरण गर्नुपर्नेछ।

३२. <u>व्यवसाय दर्ता तथा कानुनी सहजीकरण:</u> केन्द्रले व्यवसाय दर्ता, इजाजतपत्र, स्थायी लेखा नम्बर लगायत अन्य आवश्यक कानुनी प्रक्रियाका लागि परामर्श सेवा प्रदान गर्नुपर्नेछ।

३३. <u>वित्तीय पहुँचमा सहजीकरण:</u> (१) केन्द्रले स्वीकृत व्यवसाय योजनाका आधारमा बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा, अनुदान वा बिउ पुँजी प्राप्त गर्न आवश्यक सिफारिस र समन्वय गर्न सक्नेछ।

(२) केन्द्रले व्यवसायको जोखिम न्यूनीकरणका लागि बिमा लगायत व्यवसाय पुनर्संरचना तथा पुनःउत्थानसम्बन्धी परामर्श तथा सहजीकरण गर्नुपर्नेछ।



सचिव

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

३४. **<u>प्रविधि हस्तान्तरण तथा नवप्रवर्तन:</u>** व्यवसायको उत्पादन तथा उत्पादकत्व बढाउन प्रविधि हस्तान्तरण र नवप्रवर्तलाई प्रोत्साहन गर्नुपर्नेछ।

३५. **<u>बजारीकरण:</u>** केन्द्रले स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ, बजारीकरण र वितरण सञ्जाल विस्तारका लागि प्रदर्शनी, मेला, क्रेता-विक्रेता भेटघाट र व्यावसायिक सञ्जालमा आवद्ध गर्न आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्नुपर्नेछ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - ६

## संस्थागत व्यवस्था तथा कार्य जिम्मेवारी

३६. राष्ट्रिय समन्वय समिति: (१) रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बद्ध नीति, कानुन, रणनीति, निर्देशिका, कार्यविधि, मापदण्ड, बजेट तथा कार्यक्रम बीच तादम्यता कायम गरी तीनै तहबाट समन्वयात्मक, प्रभावकारी र परिणाममुखी ढंगले कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्न सङ्घीय तहमा देहाय बमोजिमको राष्ट्रिय समन्वय समिति रहनेछ।

(क) सचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय - संयोजक

(ख) सहसचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय (सम्बन्धित विषय हेर्ने) - सदस्य

(ग) सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय (सम्बन्धित विषय हेर्ने) - सदस्य

(घ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (सम्बन्धित विषय हेर्ने) - सदस्य

(ङ) सहसचिव, भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सम्बन्धित विषय हेर्ने) - सदस्य

(च) कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान - सदस्य

(छ) कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान - सदस्य

(ज) निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सम्बन्धित विषय हेर्ने) - सदस्य

(झ) प्रतिनिधि, निजी क्षेत्रका छाता संगठनहरु मध्येबाट संयोजकले मनोनित गरेको कम्तीमा महिला १ सहित २ जना - सदस्य

(ञ) प्रतिनिधि, नेपाल नगरपालिका संघ - सदस्य

(ट) प्रतिनिधि, गाँउपालिका राष्ट्रिय महासंघ - सदस्य

(ठ) उपसचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय (सम्बन्धि विषय हेर्ने) - सदस्य-सचिव



सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा अन्य व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(३) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक संयोजकले तोकेको मिति र स्थानमा बस्नेछ।

(४) मन्त्रालयको आन्तरिक रोजगार व्यवस्थापन महाशाखाले उपदफा (१) बमोजिमको समितिको सचिवालयको काम गर्नेछ।

३७. <u>राष्ट्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकार:</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) विभिन्न मन्त्रालय तथा निकायहरूबाट सञ्चालन हुने रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी वार्षिक कार्यक्रमहरूबीच अन्तरआवद्धता सुनिश्चित गर्न तीन तहका सरकार र विकास साझेदार संस्थाहरुसँग समन्वय गर्ने,

(ख) नेपाल सरकारबाट वार्षिक रूपमा विनियोजन हुने बजेटलाई एकीकृत शीर्षक अन्तर्गत स्थानीय तहमा पठाउन तथा ***"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"*** मार्फत एकीकृत रूपमा कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ग) रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धनका क्षेत्रमा राष्ट्रिय प्राथमिकता, लक्ष्य तथा परिणाम सूचकहरू निर्धारण गरी सोको आधारमा कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गर्ने गराउने।

(घ) सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट सञ्चालित कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती पहिचान गरी समाधानका लागि नीतिगत तथा संस्थागत सुधारका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ङ) रोजगार, सीप तथा उद्यमशीलता क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरूको अनुगमन, मूल्यांकन तथा समीक्षा गरी सुधारका लागि आवश्यक समन्वय गर्ने।

(च) राष्ट्रिय श्रम बजार सूचना प्रणालीको विकास र प्रयोगलाई प्रोत्साहन गर्ने र डिजिटल सेवा प्रवाह प्रणालीको अनुगमन तथा मूल्याङ्कन गर्ने ।



सचिव

३८. **प्रदेश समन्वय समितिः** (१) प्रदेश स्तरमा सीप विकास, रोजगार तथा उद्यमशीलता प्रवर्धन सम्बद्ध नीति, रणनीति निर्माण र तालिम प्रदायक संस्था, रोजगारदाता संघ संस्था, उद्यमी र तालिम प्रदायक निकायहरू बीच प्रभावकारी समन्वय, सहकार्य र एकीकृत सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक व्यवस्था सम्बन्धित विषयगत मन्त्रालयबाट मिलाउन देहायबमोजिमको प्रदेश समन्वय समिति रहनेछः-

(क) सचिव, श्रम तथा रोजगार हेर्ने मन्त्रालय, प्रदेश सरकार - संयोजक

(ख) निर्देशक, प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय - सदस्य

(ग) महाशाखा प्रमुख, सामाजिक विकास हेर्ने मन्त्रालय - सदस्य

(घ) महाशाखा प्रमुख, उद्योग हेर्ने मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, प्रदेशस्तरीय निजी क्षेत्रका छाता संगठनहरु मध्येबाट संयोजकले मनोनित गरेको कम्तीमा महिला २ सहित ३ जना - सदस्य

(च) सम्बन्धित प्रदेशमा रहेको श्रम तथा रोजगार कार्यालय प्रमुख - सदस्य

(छ) महाशाखा प्रमुख, श्रम तथा रोजगार हेर्ने मन्त्रालय - सदस्य-सचिव

(२) समितिको बैठकमा स्थानीय तहका सम्बन्धित सरकारी निकाय, विज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक संयोजकले तोकेको मिति र स्थानमा बस्नेछ।

३९. **प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभिन्न मन्त्रालय तथा निकायहरूबाट सञ्चालन हुने रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी वार्षिक कार्यक्रमहरू बीच अन्तरआवद्धता कायम गर्न सहजीकरण गर्ने,

(ख) प्रदेश सरकारबाट वार्षिक रूपमा विनियोजन हुने बजेटलाई एकीकृत शीर्षक अन्तर्गत स्थानीय तहको ***"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"*** मार्फत एकीकृत रूपमा कार्यान्वयन गर्न सहजीकरण गर्ने,

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) विभिन्न निकायहरुबाट स्थानीय तहमा रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्राप्त अनुदानमा आफ्नो स्रोत समेत थप गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी प्रादेशिक प्राथमिकता, लक्ष्य र सूचकहरूलाई राष्ट्रिय प्राथमिकता, लक्ष्य र सूचकहरुसँग तादात्म्यता कायम गर्ने।

(ङ) सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट सञ्चालित कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती पहिचान गरी समाधानका लागि नीतिगत तथा संस्थागत सुधारका लागि समन्वय गर्ने।

(च) प्रदेशभित्र पर्ने स्थानीय तहमा सञ्चालित रोजगार, सीप तथा उद्यमशीलता कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुधारका लागि आवश्यक सहजीकरण गर्ने।

४०. **स्थानीय कार्यान्वयन समितिः** (१) प्रत्येक स्थानीय तहमा रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवाहरु एकीकृत रुपमा प्रवाह गर्न स्थानीय तहको प्रमुख/अध्यक्षको संयोजकत्वमा देहायबमोजिमको समिति रहनेछः-

(क) प्रमुख/ अध्यक्ष - संयोजक

(ख) उपप्रमुख/उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख, उद्योग सम्बन्धी विषय हेर्ने विभाग/महाशाखा/शाखा - सदस्य

(ङ) प्रतिनिधि, स्थानीयस्तरका निजी क्षेत्रका छाता संगठनहरु मध्येबाट संयोजकले मनोनित गरेको कम्तीमा १ महिला सहित २ जना - सदस्य

(च) प्रतिनिधि, प्रदेश प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद्ले तोकेको शिक्षालय प्रमुख - सदस्य

(छ) प्रतिनिधि, स्थानीय स्तरको बैक तथा वित्तीय संस्था प्रमुख मध्येबाट संयोजकले तोकेको १ जना - सदस्य

(ज) रोजगार संयोजक/केन्द्र संयोजकको जिम्मेवारीमा रहने कर्मचारी - सदस्य-सचिव

(२) समितिको बैठकमा स्थानीय तहका सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।



सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

४१. **स्थानीय कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र रोजगार सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी सेवाहरू एकीकृत रूपमा प्रवाह गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम स्वीकृति, र कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहमा क्रियाशील तालिम प्रदायक संस्था, रोजगारदाता र बैंक तथा वित्तीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने।

(ग) रोजगारविहीनहरूको दर्ता र सार्वजनिक रोजगार कार्यक्रमका अतिरिक्त स्थानीय सीप तथा सोको माग, नक्साङ्कन, तालिम, समन्वय, उद्यमशीलता सहजीकरण तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण सम्बन्धी कार्यक्रम एकद्वार प्रणाली मार्फत सञ्चालन गर्ने, गराउने।

(घ) केन्द्रको प्रभावकारी परिचालन गर्न वार्षिक सीप विकास योजना समावेश गरी कार्यसम्पादन गर्ने,

(ङ) केन्द्रबाट हुने सेवा प्रवाहको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(च) केन्द्रबाट सञ्चालित कार्यक्रमहरूमा देखिएका समस्या तथा चुनौती पहिचान गरी समाधान गर्ने गराउने।

(२) केन्द्रको कार्यक्रम सञ्चालनका लागि प्राप्त अनुदानमा स्थानीय तहले आफ्नो स्रोत समेत थप गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।



सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद – ७

## संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला संस्थाहरूको भूमिका

४२. रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको काम, कर्तव्य र जिम्मेवारीः (१) केन्द्रको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) लक्षित वर्ग, रोजगारदाता र तालिम प्रदायक संस्थाको दर्ता, प्रोफाइल तयारी र एकीकृत तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य,

(ख) सरोकारवालाको नक्साङ्कन, श्रम बजार विश्लेषण तथा सीप विकास योजना सम्बन्धी कार्य,

(ग) रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन कार्यक्रमका लक्षित वर्गको पहिचान र छनोट सम्बन्धी कार्य,

(घ) रोजगार परामर्श, रोजगारीका लागि रिफरल वा सिफारिस सम्बन्धी कार्य,

(ङ) तालिम प्रदायक संस्था तथा रोजगारदातासँग समन्वय गरी बजारमुखी र मागमा आधारित सीप विकास तालिम सञ्चालन सम्बन्धी कार्य,

(च) उद्यमशीलता प्रवर्धनका लागि व्यवसाय योजना तयारी, बजार पहुँच, प्रविधि हस्तान्तरण तथा सहुलियतपूर्ण कर्जा सम्बन्धी कार्य,

(छ) वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई श्रम आप्रवासन सेवा सम्बन्धी कार्य,

(ज) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको सीप, पूँजी र प्रविधिको उपयोग गरी उद्यमशीलता प्रवर्धनका लागि सहुलियतपूर्ण कर्जा प्रवाह, व्यावसायिक योजना तयारी लगायतका विषयमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,

(झ) रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्बन्धी कार्य,

(ञ) डिजिटल प्रणाली मार्फत तथ्याङ्क व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी कार्य,

(ट) वित्तीय साक्षरता अभिवृद्धि तथा बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी वित्तीय पहुँच विस्तार सम्बन्धी कार्य,

(ठ) गुनासो व्यवस्थापन, परामर्श सेवा तथा सेवाग्राही सहजीकरण सम्बन्धी कार्य,

(ड) सरोकारवालाहरुसँग सम्पर्क, समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्य,

(ढ) केन्द्रको सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन आवश्यक सम्बन्धी अन्य कार्यहरू गर्ने।



सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

४३. <u>युवा, श्रम तथा रोजगार मन्त्रालय र मातहत निकायको भूमिका:</u> (१) युवा, श्रम तथा रोजगार मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम लगायत आन्तरिक रोजगार प्रवर्धन अभियान सम्बन्धी योजना, तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनःएकीकरण सम्बन्धी योजना, तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ग) रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको व्यवस्थापन तथा क्षमता विकास गर्ने,

(घ) राष्ट्रिय श्रम बजार सूचना प्रणाली विकास गरी श्रम, रोजगारी र उद्यमशीलता सम्बन्धी सेवाहरुलाई एकीकृत रुपमा प्रवाह गर्न सहजीकरण गर्ने।

(२) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिका देहायबमोजिम हुनेछः

(क) श्रम बजारको आवश्यकता अनुरुप छोटो अवधिको रोजगारमुखी सीप विकास तालिम कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन,

(ख) तालिम पश्चात इन्टर्नशिप, अप्रेन्टिसशिप तथा उद्यमशीलता सहजीकणमा केन्द्रलाई सहयोग तथा समन्वय प्रदान,

(ग) व्यावसायिक तालिम सम्बन्धी तथ्याङ्कको डिजिटल प्रणालीमा अभिलेखीकरण तथा व्यवस्थापन,

(घ) केन्द्रसँग समन्वय गरी लागत साझेदारीमा तालिम सञ्चालन तथा व्यवस्थापन।

४४. <u>शिक्षा तथा खेलकुद मन्त्रालय र मातहत निकायको भूमिका:</u> (१) शिक्षा तथा खेलकुद मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः

(क) मन्त्रालय र मातहतका निकायहरूबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमलाई रोजगारी तथा सीप विकासका अन्य कार्यक्रमसँग आवद्ध गरी कार्यान्वय गर्ने,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयका प्रशिक्षक, सीप परीक्षण केन्द्रका प्राविधिक लगायतका जनशक्तिलाई केन्द्रसँग आवद्ध गरी एकीकृत रूपमा परिचालन गर्ने,



सचिव

(ग) प्राविधिक शिक्षा तथा सीप विकास सम्बन्धी कार्यक्रमको समन्वय र सहजीकरण गर्ने,

(घ) मन्त्रालय अन्तर्गतका निकायमार्फत रोजगार, सीप तथा उद्यमशीलता केन्द्रसँग समन्वय गरी श्रम बजारको माग अनुरूप सीपमूलक तथा रोजगारमुखी तालिम कार्यक्रम सञ्चालन तथा विस्तार गर्ने, गराउने,

(ङ) केन्द्र मार्फत सञ्चालन हुने तालिम कार्यक्रमको एकरुपता र प्रभावकारीताका लागि आवश्यक प्राविधिक सहयोग, क्षमता विकास तथा स्रोत व्यवस्थापनमा सहजीकरण गर्ने।

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भूमिका देहायबमोजिम हुनेछः

(क) केन्द्रसँग समन्वय गरी मागमा आधारित तथा रोजगारमुखी सीप विकास तालिम कार्यक्रमहरूको योजना तर्जुमा, सञ्चालन तथा विस्तार गर्ने, गराउने।

(ख) सीप विकाससम्बन्धी एकीकृत अभिलेखीकरणका लागि Integrated TMIS, TVETMIS लगायतका सूचना प्रणालीहरूलाई श्रम तथा रोजगारसम्बन्धी अन्य डिजिटल प्रणालीहरूसँग अन्तरआवद्ध गरी स्थानीय तहमा विस्तार गरी तथ्याङ्क आदानप्रदान तथा सेवा एकीकरण गर्ने, गराउने।

(ग) केन्द्र मार्फत औपचारिक तथा अनौपचारिक रूपमा आर्जित सीपको परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने, गराउने।

(घ) राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप बमोजिम व्यावसायिक योग्यताको परीक्षण, प्रमाणीकरण सम्बन्धी कार्य गर्ने।

४५. <u>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत निकायको भूमिकाः</u> (१) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः

(क) उद्यमशीलता विकास, स्वरोजगार प्रवर्धन तथा लघु, घरेलु, साना तथा मझौला उद्यम प्रवर्धन सम्बन्धी विषयमा नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) मन्त्रालयबाट स्थानीय तहमा सञ्चालित लघु, घरेलु, साना तथा मझौला उद्यम, स्टार्टअप तथा नवप्रवर्तन प्रवर्धन लगायतका उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमलाई रोजगारी तथा सीप विकासका कार्यक्रमसँग आवद्ध गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) उद्योग व्यवसाय दर्ता, सञ्चालन, प्रविधि हस्तान्तरण तथा बजार पहुँच विस्तारसम्बन्धी सेवाहरूलाई केन्द्र मार्फत एकीकृत रूपमा प्रवाह गर्न आवश्यक सहजीकरण गर्ने,



सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) उद्यम विकास सहजकर्ता एवं उद्यमशीलता प्रवर्धनका लागि स्थानीय तहमा कार्यरत जनशक्तिलाई केन्द्रसँग आवद्ध गरी परिचालन गर्न सहजीकरण गर्ने,

(ङ) औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, लघु घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र, बुटवल टेक्निकल इन्स्टिच्यूट लगायत मातहतका निकाय मार्फत सीप विकास तथा उद्यमशीलता प्रवर्धन कार्यक्रमहरू केन्द्र मार्फत सञ्चालन गर्न सहजीकरण गर्ने।

(२) औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको भूमिका देहायबमोजिम हुनेछः

(क) उद्यमशीलता विकास, स्वरोजगार प्रवर्धन तथा लघु, घरेलु, साना तथा मझौला उद्योग प्रवर्धन सम्बन्धी कार्यक्रमहरू केन्द्र मार्फत सञ्चालन तथा विस्तार गर्ने,

(ख) केन्द्रमार्फत उद्योग अभिमुखीकरण, व्यवसाय विकास सेवा, व्यवसायिक योजना तयारी, मेन्टरिङ तथा परामर्श सेवा प्रदान गर्ने,

(ग) केन्द्र मार्फत बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी सहुलियतपूर्ण कर्जा, लगानी तथा वित्तीय पहुँच विस्तारमा सहजीकरण गर्ने,

(घ) वैदेशिक रोजगारीबाट फर्किएका तथा अन्य लक्षित समूहका व्यक्तिहरूलाई उद्यमशीलता तथा स्वरोजगारमा संलग्न गराउन विशेष कार्यक्रम सञ्चालन गर्ने,

(ङ) डिजिटल प्रणालीमार्फत उद्यमशीलता सम्बन्धी तथ्याङ्कको संकलन, अद्यावधिक तथा व्यवस्थापन गरी सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गर्ने।

४६. **<u>भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय:</u>** (१) भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) स्थानीय तहमा श्रम र रोजगार सम्बन्धी सेवाहरूको एकीकृत रूपमा सृजना तथा प्रवर्धन गर्न आवश्यक पर्ने कानुनी र नीतिगत संरचना तयार गर्न सहजीकरण गर्ने,

(ख) स्थानीय स्तरमा रहेका आन्तरिक रोजगारीका अवसरहरू र बेरोजगारहरूको विवरण सङ्कलन गर्न स्थानीय तहहरूसँग समन्वय गर्ने,

(ग) कृषि, लघु उद्यम, बजार व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सीप विकास सम्बन्धी तालिम, सरकारी तथा गैरसरकारी संघ संस्था लगायतका सरोकारवाला निकायहरुको सहकार्य स समन्वयमा रोजगारी प्रवर्धन गर्न सहजीकरण गर्ने,



सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) श्रम तथा रोजगार सम्बन्धी कार्य गर्ने अन्य मन्त्रालय र स्थानीय तहहरू बीच समन्वय गर्ने गराउने,

(ङ) स्थानीय श्रम बजारको माग र आपूर्तिको अवस्था विश्लेषण गरी सोही अनुसारको सीप विकास र रोजगारीका कार्यक्रमहरू तर्जुमा गर्न स्थानीय तहहरूलाई प्रोत्साहित गर्ने,

(च) स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतलाई केन्द्रसँग आवद्ध गरी परिचालन गर्न सहजीकरण गर्ने।

४७. **श्रम तथा रोजगार हेर्ने प्रदेश मन्त्रालयको भूमिका:** (१) प्रदेश मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) प्रदेश सरकारको रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, समन्वय र सहजीकरण गर्ने,

(ख) रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी कार्य गर्ने,

(ग) केन्द्रमा एकीकृत सेवा प्रवाह सुनिश्चितताका लागि अनुगमन, मूल्याङ्कन र क्षमता विकास सम्बन्धी कार्य गर्ने,

४८. **स्थानीय तहको भूमिकाः** स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः-

(क) रोजगार, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी कार्यक्रममा आवश्यकता अनुसार लागत साझेदारीको व्यवस्था गरी स्रोत परिचालनको सुनिश्चितता गर्ने,

(ख) केन्द्र मार्फत संयुक्त रूपमा सेवा प्रवाह गर्न आवश्यक भौतिक पूर्वाधार तथा कार्यालय व्यवस्थापन गर्ने,

(ग) केन्द्र सञ्चालनका लागि आवश्यक जनशक्ति स्पष्ट कार्यविवरण सहित परिचालन तथा क्षमता अभिवृद्धि गर्ने,

(घ) सेवा प्रवाहसँग सम्बन्धित अभिलेख व्यवस्थापन, तथ्याङ्क अद्यावधिक तथा सूचनाको डिजिटल माध्यमबाट एकीकृत व्यवस्थापन गर्ने,

(ङ) रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवा प्रवाह, तथ्याङ्क व्यवस्थापन तथा प्रतिवेदनका लागि डिजिटल प्रणालीको प्रयोग, सञ्चालन र व्यवस्थापन गर्ने,



सचिव

(च) निजी क्षेत्र, सहकारी, तालिम प्रदायक संस्था तथा वित्तीय संस्थासँग सहकार्य तथा साझेदारी गरी लगानी प्रवर्धन गर्ने,

(छ) सेवाग्राही सन्तुष्टि परीक्षण नियमित रूपमा सञ्चालन गरी प्राप्त सुझावका आधारमा सेवा प्रवाहमा सुधार गर्ने।

परिच्छेद – ८

## जनशक्ति व्यवस्थापन

४९. **जनशक्ति व्यवस्थापन:** (१) विभिन्न कार्यक्रम तथा परियोजना अन्तर्गत स्थानीय तहमा कार्यरत जनशक्तिलाई आवश्कयता अनुसार केन्द्रमा व्यवस्थापन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको जनशक्तिलाई स्थानीय तहको प्रशासनिक व्यवस्थापन भित्र रहने गरी एकीकृत रुपमा परिचालन गरी रोजगार, सीप तथा उद्यमशीलता प्रवर्धन तथा विकास कार्यका लागि परिचालन गर्नेछ।

(३) सङ्घीय निकायबाट केन्द्रमा परिचालन गरिएका कर्मचारीको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धित मन्त्रालय वा अन्तर्गतका निकायले तोके बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम केन्द्रमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन सम्झौता अनुरुप कार्यसम्पादन मूल्याङ्कन गरी सम्बन्धित निकायमा पठाउनुपर्नेछ।

(५) रोजगार, सीप तथा उद्यमशीलता सेवा केन्द्रमा थप जनशक्ति आवश्यक परेमा सम्बन्धित स्थानीय तहले अन्य कर्मचारीलाई अतिरिक्त जिम्मेवारी दिई खटाउने व्यवस्था गर्न सक्नेछ।



सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - ९

## बजेट व्यवस्थापन तथा लेखापरीक्षण

५०. **बजेट व्यवस्था**: (१) दफा ४ बमोजिमको कार्यक्रम सञ्चालन गर्दा वार्षिक रुपमा विनियोजन हुने बजेटबाट केन्द्र मार्फत एकीकृत सेवा प्रवाह गर्नुपर्नेछ।

(२) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण मार्फत उपलब्ध गराइएको सशर्त अनुदानमा प्रदेश सरकार र स्थानीय तहले एकीकृत सेवा प्रवाहका लागि लागत साझेदारी गर्न सक्नेछ।

५१. **लेखा व्यवस्थापन र लेखापरीक्षण**: (१) कार्यक्रम सञ्चालन तथा बजेट खर्चको प्रचलित कानून बमोजिम लेखापालन गर्ने र आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी प्रचलित कानुन बमोजिम सम्बन्धित निकायको हुनेछ।

(२) स्वीकृत आयोजना तथा कार्यक्रमको कार्यान्वयन, बजेट खर्च तथा सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा सम्बन्धित निकायले प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।



सचिव

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - १०

## विविध

५२. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) केन्द्रबाट सञ्चालन भएका कार्यक्रम र सेवा प्रवाहको प्रभावकारिता र गुणस्तरका सम्बन्धमा देहायबमोजिमको एक केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) आन्तरिक रोजगार व्यवस्थापन विषय हेर्ने महाशाखा प्रमुख - संयोजक

(ख) उपसचिव, (सम्बन्धित शाखा प्रमुख), शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(ग) उपसचिव (सम्बन्धित शाखा प्रमुख), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) उपसचिव (सम्बन्धित शाखा प्रमुख), भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ङ) उपसचिव, (सम्बन्धित शाखा प्रमुख) मन्त्रालय - सदस्य

(च) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(छ) शाखा अधिकृत, (सम्बन्धित शाखा) मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा संयोजकले सम्बन्धित मन्त्रालयको अधिकृतस्तरको कर्मचारीलाई समेत खटाउन सक्नेछ। अनुगमन तथा मूल्याङ्कनको लागि प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको पदाधिकारी समेत समावेश गर्न सक्नेछ।

(३) प्रदेश तहबाट स्थानीय तहमा सञ्चालित रोजगार, सीप तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी आयोजना र क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गर्दा मन्त्रालयको प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयको प्रतिनिधि समावेश गर्नुपर्नेछ।

५३. <u>डिजिटल अभिलेख तथा तथ्याङ्क व्यवस्थापन:</u> केन्द्रबाट सम्पादन हुने बेरोजगार दर्ता, सीप प्रोफाइलिङ, जब म्याचिङ्ग, तालिम व्यवस्थापन, उद्यमशीलता सहजीकरण, पुनःएकीकरण लगायतका सबै किसिमका सेवासम्बन्धी विवरणहरूको अभिलेखीकरण एकीकृत डिजिटल प्रणालीमा प्रविष्टि तथा अद्यावधिक गर्नुपर्नेछ।



सचिव

५४. गुनासो व्यवस्थापनः (१) केन्द्रले सेवाग्राहीको गुनासो व्यवस्थापन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुनासो व्यवस्थापन नभएमा मन्त्रालयको श्रमाधान कल सेन्टर मार्फत गुनासो सुनुवाई हुने व्यवस्था गर्नुपर्नेछ।

५५. सेवाग्राही सन्तुष्ठी सर्वेक्षण: केन्द्रबाट सम्पादन भएका सेवाहरूको गुणस्तर मूल्याङ्कन तथा निरन्तर सुधार सुनिश्चित गर्न स्थानीय तहले सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्न सक्नेछ।

५६. सेवा विस्तारः (१) स्थानीय तहले रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवा प्रवाह विस्तार वडास्तरसम्म गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रवाह विस्तार गरिएको जानकारी सम्बन्धित मन्त्रालयमा अनिवार्य रूपमा गराउनु पर्नेछ।

५७. एकीकृत रुपमा सेवा प्रवाहको लागि भौतिक संरचना व्यवस्थापन: रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवा केन्द्रबाट एकीकृत रुपमा सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था स्थानीय तहले गर्नुपर्नेछ ।

५८. रुपान्तरण: स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको रुपमा रुपान्तरण गरिएको छ ।

५९. संशोधन: मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

६०. बाधा अड्काउ फुकाउः (१) यो कार्यविधिमा उल्लेख नभएका विषयहरुको हकमा दफा ४ बमोजिमका कार्यक्रमसँग सम्बन्धित निर्देशिका, मापदण्ड, कार्यविधि अनुसार हुनेछ।

(२) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा वा द्विविधा फुकाउन सक्नेछ।



सचिव

ZERO DRAFT

# रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा परिमार्जन गर्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरको मिति २०८२ चैत्र १९ को निर्णयबाट गठित उच्चस्तरीय समितिले पेश गरेको प्रतिवेदन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

२०८३/०१/१०

## विषयसूची


कार्यकारी सारांश....................................................................................................

पृष्ठभूमि.................................................................................................................... १

अध्ययनको कार्यक्षेत्र र सीमा.................................................................................. ३

अध्ययन विधि.............................................................................................................. ४

विश्लेषण खण्ड.............................................................................................................. ५

क) रोजगार सेवा केन्द्रको संचालन र व्यवस्थापनको वर्तमान अवस्था..................................... ५

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को वर्तमान अवस्था................................ ७

ग) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको वर्तमान अवस्था .......................................... १०

घ) औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको वर्तमान अवस्था................................................१२

सिफारिस खण्ड ..........................................................................................................१५

१. नीतिगत तथा कानुनी सुधार.......................................................................................१५

२. संस्थागत सुदृढीकरण र समन्वय ................................................................................ २०

३. कार्यक्रम तथा बजेटबीच अन्तर-आवद्दता................................................................... २५

४. जनशक्ति व्यवस्थापन................................................................................................. २८

५. रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी सेवाको डिजिटलाईजेसन .......................... ३०

निष्कर्ष ........................................................................................................................३२

अनुसूची .......................................................................................................................३३

# कार्यकारी सारांश

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ चैत १३ को निर्णय अनुसार स्वीकृत "शासकीय सुधारसम्बन्धी सय कार्यसूची" को बुँदा नं. ५९ ले रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनका क्षेत्रहरूलाई एकीकृत रूपमा सुदृढ गर्दै रोजगार सेवा केन्द्रहरूलाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मा रूपान्तरण गर्ने नीति बमोजिम बुँदा नं. ५९ को कार्यान्वयनका लागि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरीय मिति २०८२ चैत १९ को निर्णयबाट गठित उच्चस्तरीय समितिले यो प्रतिवेदन तयार गरेको हो।

यस प्रतिवेदनले ३० दिनभित्र सिफारिसको प्रारम्भिक कार्यान्वयनका लागि कार्ययोजना समेत प्रस्ताव गरेको छ, जसले नीतिगत सुधार, संस्थागत समन्वय, डिजिटल प्रणाली विकास तथा सेवा प्रवाह सुधारलाई तीव्रता दिने अपेक्षा गरिएको छ।

## पृष्ठभूमि

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ चैत १३ को निर्णयानुसार स्वीकृत 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नं ५९ मा "देशमा रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनलाई एकीकृत रूपमा सुदृढ गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको औद्योगिक व्यवसाय विकास प्रतिष्ठान लगायतका संस्थाहरूले संयुक्त रूपमा कार्य गर्ने गरी रोजगार सेवा केन्द्रहरूलाई ६० दिनभित्र "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" का रूपमा रूपान्तरण गर्ने। सो केन्द्रले रोजगारविहीनहरूको दर्ता र सार्वजनिक रोजगार कार्यक्रमका अतिरिक्त स्थानीय सीप तथा सोको माग नक्साङ्कन, तालिम समन्वय, उद्यमशीलता सहजीकरण तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण सम्बन्धी कार्यहरू सञ्चालन गर्ने। स्थानीय तहलाई उक्त केन्द्रको प्रभावकारी परिचालन गर्न न्यूनतम बजेट विनियोजन एवं वार्षिक सीप विकास योजना समावेश गरी कार्यसम्पादनमा जवाफदेहिता सुनिश्चित गर्न अनुरोध गर्ने। उक्त व्यवस्था कार्यान्वयनका लागि आवश्यक डिजिटल प्रणाली, मापदण्ड तथा कार्यविधि तत्काल निर्माण गरी लागू गर्ने" उल्लेख भएको छ ।

यस नीतिगत निर्देशनको कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी तथा परिणाममुखी बनाउन आवश्यक नीतिगत, संस्थागत, संरचनागत, कार्यक्रमगत, जनशक्ति व्यवस्थापन तथा सूचना प्रविधि सम्बन्धी सुधारका पक्षहरू पहिचान गर्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरको मिति

२०८२ चैत १९ को निर्णयबाट निम्नानुसार सदस्य रहेको एक उच्चस्तरीय समिति गठन गरिएको थियो।

डा. दिपक काफ्ले, सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - संयोजक

श्री कृष्ण प्रसाद सापकोटा, सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

श्री डिलाराम पन्थी सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

श्री प्रतिनिधि सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

श्री रमेश बखती कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT) - सदस्य

श्री उमेश गुप्ता कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI) - सदस्य

श्री विनोद बडाल, निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) -सदस्य

श्री मधु प्रसाद घिमिरे, उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

श्री किरण थापा उपसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य-सचिव

उक्त समितिलाई रोजगार सेवा केन्द्रहरूको वर्तमान अवस्था विश्लेषण गर्दै तिनलाई एकीकृत "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मा रूपान्तरण गर्ने सम्बन्धमा आवश्यक कानुनी, संरचनागत तथा कार्यान्वयनगत सुझावहरू प्रस्तुत गर्ने कार्यादेश प्रदान गरिएको छ।

सोही कार्यादेशअनुसार समितिले विभिन्न मन्त्रालय, निकाय तथा सरोकारवालासँग परामर्श, तथ्याङ्क विश्लेषण तथा विद्यमान प्रणालीहरूको संक्षिप्त अध्ययन गरी यो प्रतिवेदन तयार गरेको हो। यस प्रतिवेदनले रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी सेवाको एकीकृत, समन्वयात्मक तथा नतिजामुखी व्यवस्थापन गर्ने आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

## अध्ययनको कार्यक्षेत्र र सीमा

### अध्ययनको कार्यक्षेत्र

रोजगार, सीप तथा उद्यमशीलताको क्षेत्रमा रोजगार सेवा केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT) र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI) को क्रियाशिलताको संक्षिप्त अध्ययन विश्लेषण गरिएको छ। नीतिगत, कानूनी र संरचनागत अन्तरआवद्धता र समन्वयका क्षेत्र पहिचान गर्नका लागि सम्बन्धित विद्यमान नीति, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मार्गदर्शनको अध्ययन गरिएको छ ।

### अध्ययनको सीमा

समिति गठन भएको मितिले १५ दिनभित्र प्रतिवेदन पेश गर्नुपर्ने समयसीमाका कारण यस अध्ययन उपलब्ध नीतिगत तथा कानुनी दस्तावेज र तथ्याङ्कको संक्षिप्त अध्ययनमा आधारित छ । समितिमा प्रतिनिधित्व गर्ने निकायहरूबाट प्राप्त राय/सुझाव र सूचनालाई विश्लेषणको मुख्य आधार बनाईएको छ। बृहत्तर रुपमा सरोकारवालासँग परामर्श गर्न नसकिए पनि बागमती प्रदेशका ११९ स्थानीय तहको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकको सुझाव समेटिएको छ ।

# अध्ययन विधि

उच्चस्तरीय समितिलाई तोकिएको जिम्मेवारी अनुसार प्रतिवेदन लेखन कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्न रोजगार, सीप तथा उद्यमशीलताको क्षेत्रमा क्रियाशील रोजगार सेवा केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT) र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI) को संस्थागत तथा कार्यक्रमगत अवस्थाको संक्षिप्त विश्लेषण गरिएको छ। नीतिगत, कानूनी तथा संरचनागत अन्तरआवद्धता र समन्वयका सम्भावित क्षेत्रहरू पहिचान गर्न विद्यमान नीति, ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मार्गदर्शनहरूको अध्ययन गरिएको छ।

साथै, मिति २०८२/१२/२६ र २७ गते धुलिखेल, काभ्रेपलाञ्चोकमा आयोजित क्षमता अभिवृद्धि कार्यक्रममा बागमती प्रदेशका ११९ स्थानीय तहका रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकहरूबाट यस सम्बन्धमा प्राप्त लिखित सुझावहरूलाई समेटिएको छ।

यसका अतिरिक्त मिति २०८२/१२/१९, २०८३/०१/०३ र २०८३/०१/१० मा सम्पन्न समितिका बैठकहरूमा नीतिगत, कानूनी तथा संस्थागत अवस्थाको विश्लेषण, प्रतिवेदनको ढाँचा निर्धारण लगायतका विषयवस्तुमा विस्तृत छलफल गरी निष्कर्ष तथा सिफारिसहरू तयार गरिएको छ।

## विश्लेषण खण्ड

### क) रोजगार सेवा केन्द्रको संचालन र व्यवस्थापनको वर्तमान अवस्था

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम प्रत्येक स्थानीय तहमा बेरोजगार व्यक्तिको सूचना सङ्कलन, रोजगारीका अवसरहरूको पहिचान तथा सूचना प्रवाह लगायत सेवा प्रदान गर्ने उद्देश्यले ७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरिएको छ। रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली २०७५ मा उल्लिखित रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार तथा एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० मा उल्लिखित एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहको प्रावधान बमोजिम यस केन्द्रबाट न्यूनतम रोजगारी, सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, श्रम आप्रवासन, बाल श्रम न्यूनीकरण, सामाजिक सुरक्षा लगायतका सेवा प्रदान हुँदै आएको छ । साथै, आन्तरिक रोजगार प्रवर्द्धन दशक (२०८२/८३-२०९२/९३) को अभियान कार्यक्रमको रुपमा आर्थिक वर्ष २०८२/८३ देखि संचालनमा रहेको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको मुख्य कार्यान्वयन संयन्त्रको भूमिका समेत सबै स्थानीय तहको रोजगार सेवा केन्द्रबाट निर्वाह भईरहेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगार सेवा केन्द्रको जनशक्ति व्यवस्थापन गर्दै आएको छ । रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ मा "दश हजार भन्दा बढी जनसंख्या भएको स्थानीय तहमा स्थानीय सेवाको छैटौं तह सरहको र दश हजार भन्दा कम जनसंख्या भएको स्थानीय तहमा स्थानीय सेवाको पाँचौ तह सरहको रोजगार संयोजक रहने" प्रावधान अनुरुप छैटौं तहका ७०५ जना र पाँचौ तहका ४८ जना रोजगार संयोजक कार्यरत

रहेका छन् । मन्त्रालयले सालबसाली रूपमा रोजगार सेवा केन्द्र सञ्चालनका लागि रोजगार संयोजकको अस्थायी दरबन्दी स्वीकृत गरी निजहरुको तलबभत्ता लगायतका सेवा सुविधा वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा उपलब्ध गराउँदै आएको छ।

आर्थिक वर्ष २०७५/०७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका क्रममा विश्व बैंकको सहयोगमा सञ्चालित युवा रोजगारीका लागि रूपान्तरण पहल (YETI) आयोजनाबाट प्रत्येक स्थानीय तहमा एक/एक जना रोजगार सहायक र प्राविधिक सहायक परिचालन गरिएकोमा आयोजना समाप्त भएपछि अधिकांश स्थानीय तहमा पुनः एकल जनशक्तिबाट सेवा प्रवाह हुँदै आएको छ। कतिपय स्थानीय तहहरूले आफ्नै स्रोतबाट थप जनशक्ति व्यवस्थापन गरी सेवा निरन्तरता दिएको पाईन्छ।

मन्त्रालय तथा मातहतका निकायबाट विभिन्न चरणमा संचालन भएका क्षमता विकास तालिम तथा अभिमुखीकरण मार्फत् रोजगार सेवा केन्द्रहरु सञ्चालन हुँदै आएको छ। तथापी, मन्त्रालयबाट संचालित कार्यक्रममा निर्भर रही न्यूनतम रोजगार कार्यक्रम संचालनमा बढी केन्द्रित हुनु, कार्यबोझ अनुरुपको जनशक्ति अभाव रहनु तथा सीप र उद्यमशीलता सम्बन्धी निकायहरूसँग समन्वय अभाव हुनु रोजगार सेवा केन्द्र संचालनका मुख्य चुनौतीका हुन्।


यस सन्दर्भमा, रोजगार सेवा केन्द्रलाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मा रूपान्तरण गर्न संरचनागत सुदृढीकरण, स्थायी तथा पर्याप्त जनशक्ति व्यवस्थापन, प्रविधिमैत्री डिजिटल प्रणाली विकास, तथा बहु-निकाय समन्वयमा आधारित एकीकृत सेवा प्रवाह प्रणाली विकास अपरिहार्य देखिन्छ।

## ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌को वर्तमान अवस्था

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रही देशका लागि आवश्यक आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन, सीपको वर्गीकरण तथा प्रमाणीकरण, स्तर निर्धारण एवम् सरोकारवाला निकायहरूसँग समन्वय गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को स्थापना भएको हो। स्थापनाकालदेखि नै परिषद्‌ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकास, विस्तार, समतामुलक पहुँच, पाठ्यक्रम विकास, सीपको स्तर निर्धारण एवम् प्रमाणीकरण, प्रशिक्षकहरुको क्षमता विकास, अध्ययन अनुसन्धान, अनुगमन तथा मुल्याङ्कन र सरोकारवालाहरूसँग समन्वय र सहकार्य मार्फत नेपालको आर्थिक विकास, उत्पादनशील रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ।

परिषद् अन्तर्गत ९ वटा महाशाखासहितको केन्द्रीय कार्यालय, ३ वटा अर्ध-स्वायत्त निकायको रूपमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र परीक्षा नियन्त्रण कार्यालय रहेका छन् भने सातै प्रदेशमा परिषद्‌का प्रदेश कार्यालय र ६३ जिल्लामा ६७ वटा आङ्गिक शिक्षालयहरू सञ्चालनमा रहेका छन्। यसका अतिरिक्त परिषद् अन्तर्गत ५८ वटा साझेदारी शिक्षालय, ६३९ वटा सामुदायिक विद्यालय (TECS) र ४३६ वटा निजी शिक्षण संस्थाहरूले सम्बन्धन स्वीकृति पाएका

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा पहुँचको विस्तार



छन्। यी संस्थाहरूमा परिषद्बाट स्वीकृत पाठ्यक्रम बमोजिम प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहमा कृषि तथा वन, इन्जिनियरिङ, स्वास्थ्य, होटल व्यवस्थापन लगायत विभिन्न विधामा विविध कार्यक्रमहरू संचालित छन्। यसका साथै व्यावसायिक सीप विकास र उद्यमशीलता सम्बन्धी छोटो अवधिका तालिम कार्यक्रम सञ्चालन गर्न देशभर १८९७ वटा तालिम प्रदायक संस्थाहरूले परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त गरेकाछन्। छोटो अवधिको व्यवसायिक सीपमुलक तालीम कार्यक्रमहरू एक हप्तादेखि एक वर्षसम्मका (४० घण्टा देखि १६९६ घण्टा) रहेका छन्।

सीपयुक्त जनता, समृद्ध नेपालको मूल ध्येय सहित नेपाल सरकारको सुशासन, सामाजिक न्याय र सम्वृद्धिको राष्ट्रिय आकांक्षालाई पूरा गर्न परिषद्ले आफ्ना नियमित गतिविधिहरू संचालन गर्दै आएको छ। गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबै नागरिकको समावेशी र समतामुलक पहुँच पुऱ्याउन परिषद् क्रियाशील छ। प्रशिक्षार्थीहरुलाई बढी भन्दा बढी प्रयोगात्मक अभ्यासमा संलग्न गराउने र अध्ययनको क्रममा उत्पादन भएका वस्तु तथा सेवालाई बजारीकरण मार्फत व्यवस्थित गर्दै आयआर्जन र दिगो विकासमा सहयोग पुऱ्याउने उद्देश्यले शिक्षालयहरूमा "सिक्दै-कमाउँदै" को अवधारणा अन्तर्गत उत्पादन इकाइ स्थापना मार्फत स्व-रोजगार र उद्यमशीलता विकासमा जोड दिइएको छ ।

परिषद्का महत्वपूर्ण उपलब्धि

| (क) संस्थागत तथा संरचनागत विकास | (ख) सीप विकास र रोजगारी |
|---|---|
| • पूर्वाधारयुक्त शिक्षण संस्था मार्फत कार्यक्रम सञ्चालन<br>• २७ वटा विधागत क्षेत्रमा सीप परीक्षण तथा | • मागको आधारमा तालिम सञ्चालन<br>• अनुसन्धान तथा विकासका कार्यक्रम (Tracer Study, Impact Study) |

| | |
|---|---|
| प्रमाणीकरण<br>• NVQF कार्यान्वयनका लागि तयारी<br>• TVET को राष्ट्रिय पाठ्यक्रम प्रारूप स्वीकृत र कार्यान्वयन<br>• ३१४ वटा पेशागत तहमा सीप प्रमाणिका<br>• २८५ भन्दा बढी सीप छोटो अवधीका पाठ्यक्रम<br>• प्रि-डिप्लोमाका ३४ र डिप्लोमा तहका ५० पाठ्यक्रम<br>• प्रि-डिप्लोमा/डिप्लोमा तहमा भर्ना क्षमता ७०२९० जना | • प्रि-डिप्लोमा/डिलोमा तहमा ५८.२% रोजगारी<br>• छोटो अवधि तालिममा ६६.८६% रोजगारी<br>• औद्योगिक प्रशिक्षार्थी तालिममा ७५% रोजगारी<br>• वैदेशिक रोजगारीबाट फर्केकाहरूको पूर्व सिकाइ मान्यता (RPL) विधिबाट सीप परीक्षण गरी सामाजिक एकीकरणमा सहजीकरण |
| (ग) समन्वय र सहकार्य<br>• संघ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य<br>• विकास साझेदार संस्थाहरूसँगको समन्वय<br>• शिक्षण संस्था सुदृढीकरण<br>• शिक्षालयमा रोजगार सेवा केन्द्र र वृत्ति परामर्श कार्यक्रम<br>• उद्योगी र रोजगारदाताको नेतृत्वमा उद्यम परामर्श | (घ) सुशासन एवं व्यवस्थापन<br>• शैक्षिक क्यालेण्डरको कार्यान्वयन<br>• प्रविधिको प्रयोग<br>• मापदण्डको विकास र कार्यान्वयन<br>• नियमित अनुगमन तथा पृष्ठपोषण (M&E, QIP,<br>• QA, QAA) |

| | |
|---|---|
| तथा साझेदार समिति क्रियाशील<br>• शिक्षालयमा उत्पादन एकाइ, तथा "सिक्दै कमाउदै" कार्यक्रम कार्यान्वियन<br>• शिक्षालयमा Incubation Center को स्थापना | • सूचनाको सहज पहुँच |

परिषद् अन्तर्गत स्वीस सरकारको सहयोगमा तीनवटा परियोजनाहरू क्रियाशील छन् जसमध्ये राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयनको लागि NVQS परियोजना, सीप विकास तथा एप्रेन्टिसीप तालिम सञ्चालनको लागि दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना र प्राविधिक शिक्षालयहरूको स्तर निर्धारण र प्रत्यायन गरी गुणस्तर सुनिश्चितता गर्न युवाहरूका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परियोजना (QualiTY) रहेका छन्। यी परियोजनाहरूले गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास, विस्तार तथा औद्योगिक प्रशिक्षणमा निजी क्षेत्रको भूमिकालाई संस्थागत गर्न सहजीकरण गरेका छन्।

### ग) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको वर्तमान अवस्था

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत स्थापित एक प्रमुख राष्ट्रिय संस्था हो. जसको मुख्य उद्देश्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकता अनुरूप दक्ष, प्रतिष्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्न विभिन्न प्रशिक्षण कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न, गराउनु रहेको छ। श्रम बजारको माग अनुसार छोटो अवधिका सीपमूलक तालिम सञ्चालन र व्यवस्थापन, रोजगार उन्मुख सीप विकास कार्यक्रमहरूको विकास र विस्तार, निजी क्षेत्र, रोजगारदाता संघ महासंघसँग सहकार्य गर्दै तालिम सञ्चालन वैदेशिक रोजगारीका लागि आवश्यक सीपयुक्त जनशक्ति विकास, उद्यमशीलता प्रवर्द्धन तथा

स्वरोजगारका अवसर सिर्जनामा समन्वयकारी भूमिका लक्ष्य प्राप्तिलाइ केन्द्रमा राखेर यस प्रतिष्ठानको स्थापना भएको हो ।

हालको श्रम बजारको संरचनाले सीप, रोजगार र उद्यमशीलतालाई अलग-अलग कार्यक्रमका रूपमा नभई एकीकृत सेवा प्रणाली का रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता देखाएको छ। सीप तालिम प्राप्त गरेका व्यक्तिहरूलाई रोजगार वा स्वरोजगारमा जोड्न नसक्दा तालिमको प्रभावकारिता घट्ने अवस्था देखिएको छ । यस परिप्रेक्ष्यमा स्थानीय तहमा सञ्चालन भइरहेका रोजगार सेवा केन्द्रहरूलाई रोजगार, सीप र उद्यमशीलता केन्द्र" का रूपमा विकास गरी सम्वन्धित संस्थाहरूवाट प्रवाह हुने सेवाहरूलाई एकीकृत रूपमा सञ्चालन गर्नु आवश्यक देखिन्छ, जसमा NAVT को भूमिका पनि अत्यन्त महत्वपूर्ण रहन्छ । निर्माण क्षेत्र, सेवा क्षेत्र (Hospitality, Care Services), उत्त्पादन तथा मर्मत क्षेत्र, सूचना प्रविधि सम्बन्धी सीप, बैदेशिक रोजगारी लक्षित सीप विभिन्न तालिम प्रदायक संस्था निजी सहकार्य गर्दै छोटो अवधिका सीप विकास तालिमहरू संचालन गर्दै आएको छ ।

साथै, सार्वजनिक निजी साझेदारी (PPP) आधारित तालिम कार्यक्रम अन्तर्गत श्रमबजारसँग तालिमलाई प्रत्यक्ष जोड्ने उद्देश्यले रोजगारदाता संघ महासंघहरुसँग सहकार्य गरी उद्योगको माग अनुसार तालिम डिजाईन, रोजगारदाता संघ महासंघहरुको मागमा आधारित महासंघहरुको नेतृत्व र विज्ञ समूहवाट पाठ्यक्रम निर्माण, तालिमपछि रोजगारको सम्भावना सुनिश्चित र तालिम खर्चमा लागत साझेदारी (Cost Sharing) को अभ्यास गरिएको छ ।

उद्योगमा प्रत्यक्ष सिक्दै कमाउदै सीप विकास गर्ने, तालिम र रोजगारलाई एकीकृत बनाउने तथा तालिमपछि रोजगार सुनिश्चित गर्ने उद्देश्यका साथ राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत गरी कार्यस्थलमा आधारित तालिम संचालन कार्यविधि २०८२ कार्यान्वयनको तयारी गरेको छ ।यसका अतिरिक्त व्यावसाय सुरु गर्ने आधारभूत

ज्ञान, व्यावसाय योजना तयार गर्ने सिप र बजार तथा वित्तीय व्यवस्थापनको जानकारी लगायतका विषय समेटेर उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्यक्रम समेत संचालन गरेको छ ।

घ) औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको वर्तमान अवस्था

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (Industrial Enterprise Development Institute - IEDI) औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत वि.सं. २०५३ कात्तिक १९ मा स्थापित एक स्वायत्त प्राविधिक निकाय हो, जसको मूल उद्देश्य उद्यमशीलता तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक जनशक्ति, स्रोत र साधनको विकास गर्नु हो। प्रतिष्ठानले तालिम, अनुसन्धान, परामर्श सेवा, उच्च शिक्षा तथा व्यवस्थापन विकास कार्यक्रमहरुको माध्यमबाट उद्यमशीलता विकासमा महत्वपूर्ण योगदान पुप्याउँदै आएको छ। यस प्रतिष्ठानले नवीन एवं सृजनशील सोच र उद्यमशीलता भएकालाई व्यवसाय अघि बढाउन सहयोग पुर्याउने उद्देश्यले स्टार्टअप प्रवर्द्धन कार्यक्रम र सम्वन्धित सेवा सञ्चालनकोलागि उद्यम संवर्द्धन सेवा कार्यलाई निरन्तर अघि बढाउँदै आएको छ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले ट्रिपल हेलिक्स मोडल (Triple Helix Model) अन्तर्गत सहकार्य प्रवर्द्धन गर्दै नेपालका स्टार्टअप इको-सिस्टमलाई सुदृढ बनाउँदै आएको छ। यस क्रममा शैक्षिक क्षेत्र/विश्वविद्यालय तथा उद्योग/निजी क्षेत्रसँग सहकार्य गरी नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्ने काम भइरहेको छ। यी प्रमुख सरोकारवालाहरुको संलग्नता मार्फत औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले देशभरिका स्टार्टअपहरुका लागि सहयोगी र समावेशी वातावरण सिर्जना गर्ने दिशामा काम गरिरहेको छ । साथै स्टार्टअप नेशन २०३० का उद्देश्यहरू हासिल गर्न कन्सोर्टियम साझेदारहरूसँग सहकार्य गरिरहेको छ ।

स्थापनाकालदेखि नै प्रतिष्ठानले विभिन्न संस्थाका साथै सम्भावित तथा विद्यमान उद्यमीहरूलाई लक्षित गरी सेवा प्रवाह गर्दै आएको छ। प्रतिष्ठानले आफ्नो सेवा प्रणालीलाई समयानुकूल पुनर्संरचना गरी

विभिन्न सरोकारवाला निकाय तथा व्यक्तिहरुको आवश्यकताअनुसार परिमार्जन गर्दै लैजाने लक्ष्य लिएको छ।

उद्यमशीलता तथा व्यवसाय विकास क्षेत्रमा विद्यमान चुनौतीहरू (जस्तैः सीमित बजार पहुँच, सीप असन्तुलन, वित्तीय पहुँच तथा संस्थागत समन्वयको अभाव) लाई सामना गर्दै दिगोपन सुनिश्चित गर्न प्रतिष्ठानले अधिकतम सरोकारवाला संस्थाहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने रणनीति अवलम्बन गरेको छ। यस उद्देश्य पूर्तिका लागि प्रतिष्ठानले व्यवसाय विकास सेवा (Business Development Services - BDS) का उत्कृष्ट अभ्यासहरुको अनुसन्धान, परीक्षण तथा प्रसार (R&D, testing and dissemination of best practices) गर्दै आएको छ, जसले विभिन्न आर्थिक तथा सामाजिक समुदायहरू तथा लक्षित समूहहरूको आवश्यकताहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सहयोग पुर्याउँछ।

**उद्योग व्यवसाय गरिरहेका उद्यमीहरूका लागि उद्योगः** व्यवसाय गरिरहेका उद्यमीहरूका लागि उनीहरूको व्यवसायको विकास तथा विस्तार कार्यमा सहयोग पुर्याउन प्रतिष्ठानले उत्पादन व्यवस्थापन तथा उत्पादकत्व विकास तालिम, बजार व्यवस्थापन, बिक्रिकला, वित्तीय व्यवस्थापन, लेखा तालिम, गुणस्तर व्यवस्थापन, कर्मचारी व्यवस्थापन तथा व्यवसाय विस्तार तालिम तथा सेवा सञ्चालन गर्दै आएको छ।

**उद्योग व्यवसायको विकास संलग्न संघ संस्थाहरूको लागिः** उद्योग व्यवसायको विकासको लागि आवश्यक जनशक्ति विकास गर्ने उद्देश्यले व्यवसाय सिर्जना, व्यवस्थापन तथा परामर्श सेवाका क्षेत्रमा विभिन्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

नेपाल सरकारको उच्च प्राथमीकरणमा परेको स्टार्टअप उद्यम कर्जा कार्यक्रम तथा उद्यम सम्बर्द्धन केन्द्र सञ्चालन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्ने जिम्मेवारी अनुरुप प्रतिष्ठानले आ.व. २०८०/८१ देखि सो कार्यक्रम सञ्चालन गर्दै आएको छ।

हाल कार्यान्वयनमा रहेका **स्टार्टअप उद्यम कर्जा कार्यक्रम** अन्तर्गत Enterprise Development Facilitator (EDF) को रूपमा जनशक्ति परिचालन गरिएको छ। प्रत्येक पालिकामा २ जना उद्यम विकास सहजकर्ताको व्यवस्था रहेको छ र यस प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा कार्यक्रमका लागि स्थलगत निरीक्षणका लागि उद्यम विकास सहजकर्ताको सफल परिचालन गरिरहेको छ ।

## सिफारिस खण्ड

### १. नीतिगत तथा कानुनी सुधार

नेपालमा रोजगारी, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसँग सम्बन्धित राष्ट्रिय नीति तथा कानूनहरू एकीकृत दृष्टिकोणको अभावमा कार्यगत दोहोरोपन तथा समन्वयमा सीमितता देखिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् , श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको औद्योगिक व्यावसाय विकास प्रतिष्ठान लगायतका संस्थाहरूले संयुक्त रूपमा कार्य गर्ने गरी रोजगार सेवा केन्द्रहरूलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा रुपान्तरण गर्ने निम्नानुसार सुधार गर्ने देहाय बमोजिम सिफारिस गरिन्छः

क) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

- रोजगार, सीप तथा उद्यमशीलता सेवाहरूलाई एकीकृत रूपमा एकद्वार प्रणालीमार्फत सहज, प्रभावकारी र परिणाममुखी तबरले प्रवाह गर्ने **रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि** तर्जुमा गर्ने ।
- लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति २०८१, राष्ट्रिय स्टार्टअप उद्यम नीति २०८१, TVET Sector Strategic Plan 2023-2032 लगायतका नीतिगत दस्तावेजसँग तादम्यता कायम गर्दै राष्ट्रिय रोजगार नीति, २०७१ परिमार्जन गर्ने ।
- रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली २०७५ को दफा १० बमोजिम स्थानीय तह मातहत रही कार्य गर्ने गरी स्थापना भएको रोजगार सेवा केन्द्रको नाम "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" का रुपमा रुपान्तरण गर्ने । नेपाल सरकार मन्त्रिपरिषदको मिति

२०८२/१२/१३ को निर्णय अनुसार उक्त केन्द्रको कार्यसंचालनका लागि निर्देशिका, मापदण्ड वा कार्यविधि बनाई लागू गर्ने व्यवस्था मिलाउने ।

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ संशोधन गरी रोजगार सेवा केन्द्रको रुपमा कार्य गर्ने गरी रोजगार, सीप तथा उद्यमशीलता सेवा केन्द्रको काम, कर्तव्य र अधिकार तथा कार्यक्रम साचालनको ढाँचा लगायतका विषयलाई रोजगार, सीप विकास र उद्यमशीलता प्रवर्द्धनसँग जोडेर कार्यसम्पादन गर्ने प्रबन्ध मिलाउने ।
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ मा रोजगार संयोजकको कार्यविवरणमा सीप विकास र उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्यहरु थप गर्ने र यससँग सम्बन्धित कार्यहरुलाई निजहरुको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने ।
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ को अनुसूची-३ बमोजिम स्थानीय तहमा कार्यरत कर्मचारीको कार्यविवरणमा रोजगार, सीप विकास र उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्यहरु थप गर्ने । साथै यस्ता जनशक्तिलाई केन्द्र मार्फत परिचालन गर्ने ।
- राष्ट्रिय स्तरमा सीप विकास प्रणालीलाई एकीकृत गरी व्यावसायिक सीप विकास कार्यक्रमलाई स्थानीय तहको रोजगार, सीप तथा उद्यम प्रणालीसँग प्रभावकारी रूपमा एकीकृत गर्न विशिष्टिकृत ऐनको रुपमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान सम्बन्धी ऐन जारी गरी सो प्रतिष्ठानको भूमिका, कार्यक्षेत्र तथा जिम्मेवारी स्पष्ट गर्ने ।

ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

- शिक्षा, विज्ञान प्रविधि, श्रम, उद्योग क्षेत्रलाई समेटेर एकीकृत TVET नीति बनाउने।
- TVET को राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम पाठ्यक्रम विकास तथा तालिम कार्यक्रम सञ्चालन गर्ने।
- राष्ट्रिय दक्षता प्रमाणिका निर्माण तथा सीप परीक्षण र प्रमाणीकरण गर्ने।
- स्थानीय तहमा रोजगार, सीप तथा उद्यमशीलता प्रवर्द्धनलाई केन्द्रमा राखी TVET Sector Strategic Plan 2023-2032 को कार्यान्वयन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी संघीय ऐन नियमलाई समसामयिक परिमार्जन गर्ने।
- विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षासम्बन्धी कानूनहरुलाई समसामयिक परिमार्जन गर्ने।
- राष्ट्रिय योग्यता प्रारुप (NQF) को कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्ने ।
- Real time data को लागि एकीकृत डिजीटल प्रणाली सञ्चालन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने ।

ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

- स्थानीय तहमा रोजगार, सीप तथा उद्यमशीलता प्रवर्द्धनलाई प्राथमिकतामा राखी लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति २०८१ र राष्ट्रिय स्टार्टअप उद्यम नीति २०८१ को कार्यान्वयन कार्ययोजना तर्जुमा गर्ने ।
- वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको पुनःएकीकरण र उद्यम विकासका लागि विशेष कानूनी प्रावधान गर्नुपर्ने।
- उद्यम विकास सहजकर्ता छनोट, क्षमता विकास, परिचालन तथा मूल्यांकनसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्ने ।
- रोजगार, सीप तथा उद्यमशीलता केन्द्रबाट गरिबी निवारणका लागि लघु उद्यम विकास सम्बन्धी सेवा प्रदान गर्ने गरी कार्यविधि संशोधन गर्ने ।
- स्थानीय उत्पादन (जस्तै कृषि, हस्तकला, पर्यटन, घरेलु उद्योग) लाई प्राथमिकता दिई क्लसटरमा आधारित साना तथा घरेलु उद्योग विकास एवं प्रवर्द्धन गर्न आवश्यक कानूनी प्रबन्ध गर्ने ।

घ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- स्थानीय सरकार संचालन ऐन, २०७४ मा रहेको रोजगार सूचना केन्द्रलाई रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा तादम्यता हुने गरी यस केन्द्रबाट रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सूचना व्यवस्थापन तथा केन्द्रको प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाई स्थानीय तह मार्फत् रोजगार, सीप तथा उद्यमशीलता केन्द्र संचालनको आवश्यक व्यवस्था मिलाउने ।
- रोजगार, सीप तथा उद्यमशिलता प्रवर्द्धनका विषय समेटेर स्थानीय तहका लागि श्रम तथा रोजगार नीति (नमुना) उपलब्ध गराउने ।

## २. संस्थागत सुदृढीकरण र समन्वय

<u>संस्थागत सुदृढीकरण</u>

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको कार्यक्षेत्र स्पष्ट गर्दै तिनबीचको दोहोरोपन न्यूनीकरण, भूमिकागत जिम्मेवारी सुदृढीकरण, संस्थागत क्षमता अभिवृद्धि तथा एकीकृत सेवा प्रवाहलाई टेवा पुऱ्याउने प्रणाली विकास गर्नु आवश्यक देखिन्छ।

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को भूमिका र जिम्मेवारी

- तालिम आवश्यकता पहिचान
- राष्ट्रिय दक्षता/सीप मापदण्ड निर्माण
- पाठ्यक्रम विकास तथा परिमार्जन
- सीप विकास तालिम सञ्चालन
- कार्यस्थलको सिकाइ तथा अप्रेन्टिसिप कार्यक्रम सञ्चालन
- प्रशिक्षक प्रशिक्षण क्षमता विकास
- तालिम अनुगमन तथा गुणस्तर सुनिश्चितता
- सीप परीक्षण मूल्याङ्कनकर्ता तालिम
- सीप परीक्षण र प्रमाणीकरण

(ख) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT) को भूमिका र जिम्मेवारी

- राष्ट्रिय दक्षता मापदण्ड अनुरुप पाठ्यक्रम विकास
- सीप विकास तालिम सञ्चालन

(क) औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI) को भूमिका

- उद्यमशीलता विकास तालिम (EDD)
- स्टार्टअप पर्यावरण सुदृढीकरण (Strengthening Start-up Ecosystem)
- व्यवसाय सम्वर्द्धन सेवा तथा मेन्टरिङ्ग/कोचिङ्ग (Business Incubation Services and Mentoring/Coaching)

<u>संस्थागत समन्वय संयन्त्र</u>

रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी कार्यहरू हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा विभिन्न मन्त्रालय तथा निकायहरूबाट पृथक रूपमा सञ्चालन हुँदै आएको सन्दर्भमा संस्थागत समन्वय प्रभावकारी बनाउन अन्तर-मन्त्रालय समन्वय संयन्त्र स्थापना गर्नुपर्ने देखिन्छ ।

**निर्देशन, समन्वय तथा कार्यान्वयन समिति (संघीय)**

नीतिगत समन्वय, कार्यगत एकरूपता तथा स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्दै रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई आवश्यक नीतिगत निर्देशन प्रदान गर्न, तीनवटै मन्त्रालयका कार्यक्रम तथा परियोजनाहरूलाई एकीकृत गरी समन्वयात्मक रूपमा सञ्चालन गर्न रणनीतिक मार्गदर्शन दिन तथा केन्द्रबाट प्रवाह हुने सेवाहरूको दायरा, मापदण्ड, सेवा प्रक्रिया र कार्यविधि स्वीकृत एवं

परिमार्जन गर्ने कार्यको नेतृत्व श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन गर्ने व्यवस्था मिलाउन आवश्यक हुन्छ ।

**निर्देशन, समन्वय तथा कार्यान्वयन समिति (संघीय)**

सीप विकास, रोजगार तथा उद्यमशीलता प्रवर्द्धनसम्बद्ध कार्यक्रमहरूबीच तादम्यता कायम गरी एकीकृत सेवा प्रवाह गर्न देहाय बमोजिमको निर्देशन, समन्वय तथा कार्यान्वयन समिति गठन आवश्यक देखिन्छ ।

| | |
|---|---|
| (क) सचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - संयोजक |
| (ख) सहसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | - सदस्य |
| (ग) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | - सदस्य |
| (घ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | - सदस्य |
| (ङ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | - सदस्य |
| (च) कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | - सदस्य |
| (छ) कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | - सदस्य |
| (ज) निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सम्बन्धित विषय हेर्ने) | - सदस्य |
| (झ) प्रतिनिधि, नेपाल उद्योग बाणिज्य महासंघ | - सदस्य |

(ञ) प्रतिनिधि, नेपाल नगरपालिका संघ - सदस्य

(ट) प्रतिनिधि, गाँउपालिका राष्ट्रिय महासंघ - सदस्य

(ठ) उपसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य-सचिव

(सम्बन्धि विषय हेर्ने)

(समितिको बैठकमा आवश्कता अनुसार विषय विज्ञ तथा अन्य व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।)

**प्रदेश निर्देशक समिति**

प्रदेश स्तरमा सीप विकास, रोजगार तथा उद्यमशीलता प्रवर्द्धनसम्बद्ध नीति, रणनीति निर्माण र तालिम प्रदायक संस्था, रोजगारदाता संघसंस्था, उद्यमी र तालिम प्रदायक निकायहरूबीच प्रभावकारी समन्वय, सहकार्य र एकीकृत सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक व्यवस्था सम्बन्धित विषयगत मन्त्रालयबाट मिलाउने गरी निम्न अनुसारको प्रदेश निर्देशन तथा समिति गठन गर्नु उपयुक्त हुन्छ ।

(क) सचिव, श्रम तथा रोजगार सम्वद्ध मन्त्रालय - अध्यक्ष

(ख) निर्देशक, प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय - सदस्य

(ग) महाशाखा प्रमुख, सामाजिक विकास सम्वद्ध मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, उद्योग सम्बद्ध मन्त्रालय/औद्योगिक व्यवसाय विकास प्रतिष्ठान- सदस्य

(ङ) प्रतिनिधि, उद्योग वाणिज्यय संघ (प्रदेशस्तरीय) - सदस्य

(च) सम्बन्धित प्रदेश मुकाममा रहेको श्रम तथा रोजगार कार्यालय प्रमुख - सदस्य

(छ) महाशाखा प्रमुख, श्रम तथा रोजगार समवद्ध मन्त्रालय - सदस्य-सचिव

## स्थानीय कार्यान्वयन तथा अनुगमन समिति

प्रत्येक स्थानीय तहमा रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवाहरु एकीकृत रुपमा प्रवाह गर्न स्थानीय तहको प्रमुख/अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको कार्यान्वयन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख/ अध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) प्रमुख, शिक्षा महाशाखा/शाखा | - सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन महाशाखा/शाखा | - सदस्य |
| (ङ) प्रतिनिधि, स्थानीय तहमा रहेका बैङ्क तथा वित्तीय संस्था (सम्बन्धित स्थानीय तहले तोकेको) | - सदस्य |
| (च) स्थानीय प्रतिनिधि, उद्योग बाणिज्य संघ (स्थानीय) | - सदस्य |
| (छ) प्रतिनिधि, परिषदको प्राविधिक शिक्षालय | - सदस्य |
| (ज) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट खटाईएका कर्मचारी | - सदस्य |
| (झ) रोजगार संयोजक/केन्द्र प्रमुखको जिम्मेवारीमा रहने कर्मचारी | - सदस्य-सचिव |

## ३. कार्यक्रम तथा बजेटबीच अन्तर-आवद्धता

संघीय, प्रदेश तथा स्थानीय तहबाट रोजगार, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न बजेट तथा कार्यक्रमबीच स्पष्ट आवद्धता सुनिश्चित गर्नु अपरिहार्य देखिन्छ। यसका लागि तीन तहको सरकारबीच एकीकृत वित्तीय तथा कार्यक्रमगत ढाँचा विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको औद्योगिक व्यवसाय विकास प्रतिष्ठान लगायतका संस्थाहरूबाट सञ्चालन हुने रोजगारी सिर्जना र सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरूलाई एकीकृत रूपमा "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मार्फत कार्यान्वयन हुने गरी बजेट संरचना पुनर्संयोजन गर्नुपर्ने देखिन्छ।

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयन भइरहेको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट सञ्चालन भइरहेको स्टार्टअप कार्यक्रम, व्यवसाय सम्वर्द्धन सेवा तथा लघु उद्यम विकास कार्यक्रम, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत सञ्चालन हुने कार्यक्रम तथा युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यक्रमहरूलाई एकीकृत कार्यक्रमगत ढाँचामा आबद्ध गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

- विभिन्न मन्त्रालय तथा निकायहरूबाट सञ्चालन हुने रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी वार्षिक कार्यक्रमहरूबीच अन्तरआवद्धता सुनिश्चित गर्न तीन तहका सरकार र विकास साझेदारबाट प्राप्त हुने वित्तीय तथा प्राविधिक सहायतालाई "Basket Fund" आधारित बजेट प्रणाली अबलम्बन गर्ने।
- आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रम तय गर्न संयुक्त संयन्त्र स्थापना गरी नेपाल सरकारबाट वार्षिक रूपमा विनियोजन हुने बजेटलाई एकीकृत शीर्षक अन्तर्गत समेटी वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा पठाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मार्फत एकीकृत रूपमा कार्यान्वयन गर्ने व्यवस्था गर्ने।
- संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा कार्यक्रम सञ्चालनका लागि लागत साझेदारीको ढाँचामा सशर्त अनुदान उपलब्ध गराउने तथा प्रदेश सरकारबाट समेत पूरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउने।
- स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिई न्यूनतम बजेट विनियोजन अनिवार्य गर्ने।
- स्थानीय तहमा विनियोजित बजेटलाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मार्फत एकीकृत सेवा प्रवाहसँग प्रत्यक्ष रूपमा आवद्ध गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।
- कार्यक्रम तथा बजेट आवद्धतालाई नतिजामुखी बनाउन रोजगार सिर्जना, सीप तालिम सम्पन्नता, उद्यम स्थापना तथा आय आर्जन जस्ता सूचकहरूसँग बजेट विनियोजनलाई जोड्ने "Result-Based Budgeting" प्रणाली लागू गर्ने।

- बजेट तथा कार्यक्रमको प्रभावकारी अनुगमनका लागि डिजिटल प्रणालीमार्फत ट्र्याकिङ, प्रतिवेदन तथा पारदर्शिता सुनिश्चित गर्ने व्यवस्था विकास गर्ने।
- संघीय, प्रदेश तथा स्थानीय तहबीच कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन तथा अनुगमनका लागि संस्थागत समन्वय संयन्त्र स्थापना गर्ने।

## ४. जनशक्ति व्यवस्थापन

रोजगार, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनका एकीकृत सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न केन्द्रमा दक्ष तथा बहु-विषयगत ज्ञान र सीप भएका जनशक्ति आवश्यक छ। केन्द्रको कार्यक्षेत्र विस्तार भई रोजगार दर्ता, सीप मिलान, तालिम समन्वय, उद्यमशीलता सहजीकरण तथा पुनःएकीकरण जस्ता बहुआयामिक सेवाहरू समेटिने भएकाले जनशक्ति व्यवस्थापनलाई एकीकृत तथा परिणाममुखी बनाउनु आवश्यक देखिन्छ।

- तीनवटै मन्त्रालय (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) तथा सम्बन्धित निकायहरूबीच जनशक्ति परिचालन, कार्यविभाजन तथा उत्तरदायित्व निर्धारणका लागि स्पष्ट समन्वय ढाँचा विकास गर्ने।
- हाल विभिन्न कार्यक्रम तथा परियोजनाहरू अन्तर्गत स्थानीय तहमा कार्यरत जनशक्ति जस्तै; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका उद्योग विकास सहजकर्ता, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय तथा प्रदेश शासन सहायता कार्यक्रम (PLGSP) बाट स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृत, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका प्राविधिक धारका विद्यालयका प्रशिक्षकहरू, सीप परीक्षण केन्द्रका प्राविधिकहरू, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गतका मनोसामाजिक परामर्शकर्ता, वित्तीय साक्षरता सहजकर्ता तथा रिटर्नी स्वयंसेवकहरूलाई आवश्यकताअनुसार केन्द्रसँग आवद्ध गरी एकीकृत रूपमा परिचालन गर्ने।
- स्थानीय तहले विभिन्न मन्त्रालय तथा कार्यक्रमहरू अन्तर्गत स्थानीय स्तरमा कार्यरत यी जनशक्तिको स्पष्ट कार्यविवरण, जिम्मेवारी र कार्यसम्पादन सूचकहरू निर्धारण गरी उपलब्ध

जनशक्तिलाई स्थानीय स्तरमा रोजगारी सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्द्धनमा परिचालन गर्ने ।

- निजी क्षेत्र, तालिम प्रदायक संस्था तथा उद्योगसँग सहकार्य गरी आवश्यकताअनुसार विशेषज्ञ जनशक्ति परिचालन गर्ने व्यवस्था मिलाउने।
- जनशक्ति व्यवस्थापनलाई दीर्घकालीन रूपमा स्थायी तथा व्यवस्थित बनाउन स्थानीय तहले आवश्यक दरबन्दी संरचना निर्धारण गरी क्रमशः आन्तरिकीकरण गर्ने। साथै, स्थानीय तहले कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणाली लागू गरी सेवा गुणस्तर, उत्तरदायित्व तथा पारदर्शिता सुनिश्चित गर्ने।
- केन्द्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि एकीकृत रुपमा नियमित तालिम, अभिमुखीकरण तथा सीप विकास कार्यक्रम सञ्चालन गर्नुपर्नेछ, विशेष गरी श्रम बजार सूचना प्रणाली (LMIS), करियर परामर्श, उद्यम विकास तथा डिजिटल सेवा प्रवाह सम्बन्धी दक्षता अभिवृद्धिमा जोड दिने।
- डिजिटल प्रणालीमार्फत Human Resource Information System (HRIS) विकास गरी जनशक्तिको विवरण, कार्यसम्पादन, तालिम तथा परिचालन सम्बन्धी अभिलेख व्यवस्थापन गर्नुपर्ने ।

## ५. रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी सेवाको डिजिटलाईजेसन

रोजगार, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसँग सम्बन्धित सेवाहरू हाल विभिन्न मन्त्रालय तथा निकायहरूबाट छुट्टाछुट्टै डिजिटल प्रणालीमार्फत सञ्चालन भइरहेका कारण तथ्याङ्क र अभिलेखमा दोहोरोपना, प्रणालीबीच समन्वय अभाव, सेवाग्राहीका लागि जटिल सेवा पहुँच जस्ता समस्या देखिएका छन्। यसले श्रम बजारसम्बन्धी एकीकृत तथ्यांकको अभाव सिर्जना गर्नुका साथै रोजगार मिलान, सीप योजना निर्माण तथा नीति निर्णय प्रक्रियामा प्रभाव पारिरहेको छ।

- बेरोजगार दर्ता, सीप प्रोफाइलिङ, रोजगार मिलान (job matching), तालिम व्यवस्थापन, उद्यमशीलता सहजीकरण तथा पुनःएकीकरणसम्बन्धी सेवाहरूलाई एउटै प्रणालीमार्फत सञ्चालन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तयार गरेको digitalization blueprint को आधारमा National Labour Market Information System (NLMIS) निर्माण गर्ने ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका श्रम संसार प्रणाली, EMIS लगायतका प्रणालीहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) का Integrated TMIS, TVETTMIS लगायतका अन्य सम्बद्ध प्रणालीहरूबीच प्रभावकारी system integration (interoperability) तत्काल सुनिश्चित गर्ने,
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यी प्रणालीहरूबीच डेटा आदानप्रदान, प्रणाली तथा सेवा एकीकरण सुनिश्चित गरी सेवाग्राहीलाई एकद्वारबाट सबै सेवा उपलब्ध गराउने र यस्तो एकीकृत डिजिटल सेवा प्रणाली संचालन कार्यविधि तर्जुमा गरी तत्काल कार्यान्वयन गर्ने।

- डिजिटल प्रणालीमार्फत सेवा प्रवाह, अनुगमन तथा प्रतिवेदन प्रक्रियालाई स्वचालित (automated) बनाउँदै वास्तविक समय (real-time) डेटा उपलब्ध गराउने प्रणली विकास गरी रोजगार, सीप तथा उद्यमशीलता लगायत अन्य क्षेत्रगत नीति तथा कार्यक्रमलाई तथ्यमा आधारित बनाउने ।
- विभिन्न मन्त्रालय, निकाय तथा स्थानीय तहबीच डिजिटल प्रणालीको प्रभावकारी सञ्चालन तथा एकीकरण सुनिश्चित गर्न सूचना प्रविधि सम्बन्धी सम्पर्क व्यक्ति (IT Focal Person) तोकी बहु-स्तरीय समन्वय संयन्त्र (Federal–Province–Local Coordination Mechanism) स्थापना गर्ने र संयन्त्रबीच समन्वयका लागि प्राविधिक समन्वय मञ्च (Technical Coordination Platform) स्थापना गर्ने।
- प्रत्येक "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मा सूचना प्रविधि अधिकृतलाई IT/LMIS सम्बन्धी जिम्मेवारी तोकी प्रणाली सञ्चालन, डेटा व्यवस्थापन तथा प्राविधिक समस्या समाधानका लागि स्पष्ट कार्यविवरण प्रदान गर्ने।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको **श्रमाधान कल सेन्टर** लाई सुदृढ गरी रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी एकीकृत गुनासो व्यवस्थापन, सूचना सेवा तथा परामर्श सेवाको केन्द्रको रूपमा प्रभावकारी रूपमा परिचालन गर्ने।

# निष्कर्ष

नेपाल सरकारको "शासकीय सुधारसम्बन्धी सय कार्यसूची" को बुँदा नं. ५९ मा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई ६० दिन भित्र "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" मा रूपान्तरण गरी सो सम्बन्धी एकीकृत सेवा प्रवाह प्रदान गर्न आवश्यक मापदण्ड, कार्यविधि तथा प्रणाली निर्माण गर्ने नीतिगत मार्गदर्शन अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको औद्योगिक व्यवसाय विकास प्रतिष्ठान लगायतका संस्थाहरूले गर्नुपर्ने नीतिगत, कानुनी, संस्थागत, वित्तीय तथा डिजिटल सुधारका सुझावहरु यस प्रतिवेदनमा सिफारिस गरिएका छन् । माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मन्त्रीज्यू समक्ष पेश गरी यस प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाईनेछ ।

यस प्रतिवेदनमा उल्लेखित सिफारिस कार्यान्वय मार्फत स्थानीय तहले "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" परिचालन गरी रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता प्रवर्द्धन सम्बन्धी सेवाहरु एकीकृत रुपमा प्रवाह गर्दै उत्पादनशीलता वृद्धि, दिगो आर्थिक विकास र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार हासिल हुने अपेक्षा गरिएको छ ।

# अनुसूची

रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा परिमार्जन गर्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरको मिति २०८२ चैत्र १९ को निर्णयबाट गठित उच्चस्तरीय समिति

संयोजकः सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सदस्यः सहसचिव (प्रमुख), आन्तरिक रोजगार व्यवस्थापन महाशाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सदस्यः सहसचिव (सम्बन्धित महाशाखा प्रमुख), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सदस्यः सहसचिव (सम्बन्धित महाशाखा प्रमुख), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सदस्यः सहसचिव (संघीय मामिला महाशाखा प्रमुख), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सदस्यः कार्यकारी निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)

सदस्यः कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (NAEVT)

सदस्यः कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI)

सदस्य-सचिवः उपसचिव (प्रमुख), रोजगार कार्यक्रम व्यवस्थापन शाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

समितिका कार्यशर्तहरू (Terms of Reference - ToR)

१. हाल सञ्चालित 'रोजगार सेवा केन्द्र' लाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" का रूपमा पूर्ण रूपान्तरण गर्न तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) , राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान तीनै निकायका कार्यहरू एकीकृत रूपमा सञ्चालन गर्न विद्यमान नीति तथा कानुनमा गर्नुपर्ने संशोधन, खारेजी वा थपका लागि विषयवस्तु पहिचान गरी सिफारिस गर्ने

२. केन्द्रको एकीकृत तथा चुस्त सञ्चालनका लागि आवश्यक पर्ने कार्यविधि, सञ्चालन निर्देशिका तथा प्रविधिमैत्री डिजिटल प्रणालीको आवश्यकता पहिचान गर्ने र सोको तर्जुमा गर्न सम्बन्धित निकायलाई जिम्मेवारी तोकी आवश्यक नीतिगत सिफारिस गर्ने।

३. सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनमा संलग्न उल्लिखित निकायहरूबीच कार्यगत दोहोरोपन नहुने गरी वार्षिक कार्यक्रम, बजेट, कार्ययोजना र जिम्मेवारी बाँडफाँटको स्पष्ट कार्यढाँचा वा ) (आधार र खाका तयार गरी स्वीकृतिका लागि सिफारिस गर्ने

४. केन्द्रको संरचनागत सुधारका लागि आवश्यक पर्ने जनशक्तिको आकलन गर्दै सोको पदपूर्ति तथा व्यवस्थापन सम्बन्धी आधार र प्रक्रिया तय गरी सिफारिस गर्ने।

५. केन्द्रको प्रभावकारी सञ्चालन तथा दिगोपना सुनिश्चित गर्न सङ्घीय तहको बजेट व्यवस्थापन, स्थानीय तहसँगको साझेदारी र स्थानीय तहको वार्षिक सीप विकास योजनासँग केन्द्रका कार्यक्रमहरूलाई आबद्ध गर्ने व्यवहारिक ढाँचा तय गरी सिफारिस गर्ने

६. माथि उल्लिखित सम्पूर्ण विषयहरु समावेश गरी समिति गठन भएको मितिले १५ (पन्ध्र) दिनभित्र पूर्ण प्रतिवेदन माननीय मन्त्रीज्यूसमक्ष पेश गर्ने ।

रोजगार, सीप तथा उद्यमशीलता केन्द्रका लागि परिचालन हुने प्रस्तावित जनशक्ति

१. रोजगार संयोजक- १जना

२. सूचना प्रविधि अधिकृत (PLGSP) - १जना

३. रोजगार सहायक (स्थानीय तह) - १जना

४. प्राविधिक सहायक (स्थानीय तह) - १जना

५. उद्यम विकास सहजकर्ता (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय)- २ जना

६. प्रतिनिधि प्राविधिक जनशक्ति (CTEVT प्राविधिक ~~धारक~~ विद्यालय) - १जना

बैठकका मुख्य कार्यसूचीहरु

१. प्रतिवेदनको मस्यौदा।
२. सम्बन्धित निकायमा प्रतिवेदन कार्यान्वयनका लागि पठाउने।
३. रोजगार, सीप तथा उद्यमशिलता केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधिको मस्यौदा तयार
४. विविध

**निर्णयहरु:**

१. रोजगार सेवा केन्द्रलाई "रोजगार, सीप तथा उद्दमशीलता केन्द्र"मा रूपान्तरण गर्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको २०८२/१२/१९ को मा. मन्त्रीस्तरको निर्णयबाट गठित उच्चस्तरीय समितिले तयार गरेको मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिई माननिय मन्त्रीज्यू समक्ष पेश गर्ने।

२. प्रतिवेदनमा उल्लेखित सिफारिस कार्यान्वयन गर्न कार्ययोजना बनाउने सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा निकायलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समन्वय गर्ने।

३. रोजगार प्रवर्द्धन, सीप विकास तथा उद्यमशिलता प्रवर्द्धन सम्बन्धी एकिकृत सेवा संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कार्यविधिको मस्यौदा तयार गर्न गठित समितिद्वारा मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने।

२०८३/१/१०